का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ पुस २०८०,
मंगलबार
2 January 2024,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३२८ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# लरबराएका मन्त्री

शुरुमा आफूलाई बाहिर निकालेर गाडीमा आगो लगाइएको बताएका मन्त्रीले पछि बोली फेरेर छोडेर गएपछि आगो लगाइएको बताए । फेरि सोमबार प्रदर्शन चलिरहेको जानकारी नभएको भनि बचाउ गरेका छन् । तर घटनास्थलमा मन्त्री पुगेको र धकेलाधकेल भएको सार्वजनिक भिडियोमै देखिन्छ ।



**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १६ पुस ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले निरन्तर बालकुमारीमा दुई जना युवकको मृत्यु हुने गरी भएको प्रदर्शनमा आफ्नो कुनै संलग्नता रहेको प्रष्टीकरण दिइरहेका छन् । तर, उनको प्रष्टीकरणमाथि नै कतिपयले प्रश्न उठाउन थालेका छन् ।

यही पुस १३ गते कोरिया जानका लागि दिनुपर्ने ईपीएस भाषा परीक्षार्थीहरुले ईपीएस कार्यालय रहेको क्षेत्र (बालकुमारी र ग्वार्को क्षेत्र) मा प्रदर्शन गरेका थिए । प्रदर्शनका क्रममा बालकुमारीमा मन्त्री प्रकाश ज्वालाको गाडीमा समेत आगजनी भएको थियो ।

सार्वजनिक भिडियोमा युवाहरुको प्रदर्शन चलिरहेका बेला मन्त्री ज्वाला बालकुमारी पुगेको देखिन्छ । प्रदर्शनस्थलमा पुगेर उनले प्रदर्शनकारीहरुलाई सम्झाउन खोजेका छन् र त्यसबेला प्रदर्शनकारीले मन्त्रीलाई पटक-पटक धकेलेका छन् । प्रदर्शनकारीले धकेल्न थालेपछि सुरक्षा अधिकारीले मन्त्री ज्वालालाई गाडी छाडेर सुरक्षित स्थलतर्फ लगेका छन् र केही बेरमा प्रदर्शनकारीले गाडीको टायरको हावा खुस्काएर आगो नै लगाइदिएका छन् । यो घटनाको सन्दर्भमा उनले सुरुमा

पृष्ठ २ मा

## कहाँ गए श्रममन्त्री ?

बालकुमारीमा भएको घटना घट्नुमा सम्बन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी समेत जिम्मेवार रहेको भनी प्रश्न उठेको छ । सांसदहरुले उठाएको प्रश्नका आधारमा राज्य व्यवस्था तथा सुशासन समितिले 'उक्त घटना घट्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री र मन्त्रालयको भूमिकाबारे छानविन गर्न निर्देशन' दिने निर्णय गरेको हो ।

कांग्रेस महामन्त्री थापाका अनुसार कोरिया जानका लागि लिइने भाषा परीक्षामा कसले भाग लिन पाउने, कसले नपाउने भनेर श्रम तथा रोजगार मन्त्री भण्डारीले समयमै समन्वय गर्न सकेको भए बालकुमारी घटना नहुन सक्ने थियो ।

'श्रम मन्त्रीको जिम्मेवारी होइन यो ?' उनले प्रश्न गरेका छन् । श्रम मन्त्रीले जिम्मेवारी कुशलतापूर्वक निर्वाह नगरेको

पृष्ठ २ मा

### राष्ट्रिय मेलमिलाप दिवस

# शीर्ष नेतालाई व्यवस्थाकै पिर

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ पुस ।

पार्टीका संस्थापक नेता बीपी कोइराला लामो निर्वासन अन्त्य गरी भारतबाट स्वदेश फर्किएको दिन पुस १६ लाई नेपाली कांग्रेसले हरेक वर्ष 'राष्ट्रिय एकता तथा मेलमिलाप दिवस'का रुपमा मनाउने गरेको छ । यसपटक पनि यसलाई निरन्तरता दिँदै कांग्रेसले सोमबार प्रज्ञा भवन कमलादीमा ४८औं दिवस मनाउन कार्यक्रम आयोजना गऱ्यो ।

खुल्ला अन्तरक्रिया भनेको कांग्रेसले १२ बुंदे सहमतिका पक्षधर प्रमुख दलका नेताहरुलाई आमन्त्रण गर्दा नवस्थापित राष्ट्रिय स्वतन्त्र पार्टी र राजतन्त्रको पक्षधर राष्ट्रिय प्रजातन्त्र पार्टीलाई पनि बोलाएन । प्रधानमन्त्रीसहित अधिकांश प्रधानमन्त्री भइसकेका प्रमुख नेताहरु कार्यक्रम सहभागि भएर संघीय लोकतान्त्रिक गणतन्त्रप्रति ऐक्यवद्धता जनाए । कतिपयले राजतन्त्र पुर्नस्थापित गर्नुपर्ने मागसहित आन्दोलनको प्रयास गरिरहेका बेला प्रमुख नेताहरुले भने त्यसको कुनै सम्भावना नरहेको र संघीय लोकतान्त्रिक गणतन्त्र रक्षाका सवालमा आफूहरु सबै एकै ठाउँमा रहेको प्रष्ट सन्देश दिएका छन् ।



> हाम्रो कपाल त्यत्तिकै फुलेको होइन र हामी राजतन्त्र फर्किन दिँदैनौं । हामी तनाशाह आउन दिँदैनौं, यो त खुलमखुल्ला छ ।
>
> **केपी ओली**
> **अध्यक्ष, नेकपा एमाले**

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लोकतान्त्रिक गणतन्त्र मानव जातिकै उत्तम व्यवस्था भएको भन्दै यसबारे प्रश्न उठाउनु निरर्थक रहेको बताए । 'संसारमा मानव जातिले विकास गरेको सबैभन्दा उच्चतम राजनीतिक व्यवस्था भनेकै लोकतान्त्रिक गणतन्त्र हो, गणतन्त्रभन्दा राम्रो व्यवस्था अहिलेसम्म मानव जातिले विकास गरेकै छैन', प्रधानमन्त्रीले अघि भने, 'त्यसकारण लोकतान्त्रिक गणतन्त्रमाथि प्रश्न उठाउनु निरर्थक छ । यो कुरालाई हामीले बुझ्न र बुझाउन सकिरहेका छैनौं कि भन्ने लागिरहेको छ ।' यद्यपि उनले गणतन्त्रका पक्षधर दलहरूले जनतालाई गणतन्त्रको महत्व अनुभूति गराउन नसकेको विषयमा आत्मसमीक्षा गर्नुपर्ने बेला आएको टिप्पणी गरेका थिए ।

कार्यक्रमका आयोजक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गणतन्त्रको विकल्प गणतन्त्रमात्रै

पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# व्यवसायीद्वारा साउदी भिसा सेन्टर घेराउ

## संघले बोलायो सर्वपक्षीय छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ पुस

वैदेशिक रोजगार व्यवसायीहरुले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा साउदी भिसा सेन्टर घेराउ गरेका छन् । राजधानीको थापाथलीस्थित साउदी भिसा सेन्टरले सोमबारदेखि साउदी अरेबिया जाने नेपाली श्रमिकको भिसा प्रक्रियामा बायोमेट्रिक प्रणालीको शुरुवात गरेको छ । वैदेशिक रोजगारीका लागि साउदी अरेबिया जाने श्रमिकको भिसा प्रक्रियामा बायोमेट्रिक प्रणाली लागू गर्नु अत्यन्तै अव्यवहारिक भन्दै व्यवसायीहरुले भिसा सेन्टरमार्फत भविष्यमा सिण्डिकेटलाई जन्माउने आशंका गरेका छन् ।



व्यवसायीहरुले कामदारको बायोमेट्रिक प्रणालीले भिसा प्रक्रियालाई ढिलो बनाउने दाबी पनि गरेका छन् । थापाथलीस्थित उक्त भिसा सेन्टरले लामो समयदेखि

पृष्ठ २ मा

## म्यानपावर सञ्चालक पौडेल पक्राउ

**काठमाडौं/मस-** काठमाडौंको धुम्बाराहीस्थित मार्स म्यानपावरका सञ्चालक जयराम पौडेल पक्राउ परेका छन् । वैदेशिक रोजगारका लागि युरोप पठाइदिन्छु भन्दै प्रलोभन देखाएर ठगी गरेको आरोपमा प्रहरीले पौडेललाई पक्राउ गरेको हो ।

पदम कुमारी श्रेष्ठ समेत २ जनालाई वैदेशिक रोजगारीको लागि युरोप पठाइदिन्छु भन्दै प्रलोभनमा पारेर ठगी

पृष्ठ २ मा

### भुटानी शरणार्थी प्रकरण

# सर्वोच्चले माग्यो कैफियत प्रतिवेदन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ पुस ।

नक्कली भुटानी शरणार्थी प्रकरण सम्बन्धी मुद्दा सर्वोच्च अदालतमा बिचाराधीन छ । सोमबार सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मीको एकल इजलासले यो प्रकरणमा संलग्न रहेको आरोप लागेका पूर्वमन्त्री टोपबहादुर रायमाझी र सचिव टेकनारायण पाण्डेलाई थुनामा राख्ने आदेश दिनुको कैफियत प्रतिवेदन झिकाउने आदेश गरेको छ ।

सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेका अनुसार रायमाझी र पाण्डेलाई थुनामा राख्नुपर्ने कारणसहितको कैफियत प्रतिवेदन उच्च अदालत पाटनबाट झिकाउने आदेश भएको हो ।



यसअघि, उच्च अदालत पाटनले थुनामै राखेर मुद्दाको प्रक्रियाअघि बढाउन भनेको छ । उक्त आदेशविरुद्ध रायमाझी र पाण्डेले सर्वोच्च अदालतमा निवेदन दिएका थिए । उक्त निवेदनमाथि सुनुवाइ गर्दै अदालतले कैफियत प्रतिवेदन

पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ पुस २०८०, मंगलबार
2 January 2024, Tuesday

### लरबराएका...

आफूलाई बाहिर निकालेर गाडीमा आगो लगाइएको बताएका थिए । पछि आफू गाडी छोडेर गएपछि आगो लगाइएको बताए । फेरि प्रदर्शन चलिरहेको जानकारी नै नभएको भनी उनले बचाउ गरेका छन् । तर, घटनास्थलमा मन्त्री पुगेको र धकेलाधकेल भएको सार्वजनिक भिडियोमै देखिन्छ ।

लरबराएका मन्त्रीको भूमिकामाथि संसदीय समितिहरुमा समेत प्रश्न उठेको छ । सोमबार बसेको प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समिति र पूर्वाधार विकास समितिको छुट्टाछुट्टै बैठकमा सांसदहरूले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला १३ पुसमा बालकुमारीमा विरोध प्रदर्शन गरिरहेका युवाको भीडमा जानुको कारण माग गरे ।

विकास समितिको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद निशा डाँगी, एमाले सांसदद्वय ठाकुर गैरे, दयालबहादुर शाहीलगायतले मन्त्री ज्वालालाई समितिमा बोलाएर यसबारे छलफल गर्नुपर्ने माग गरे ।
राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सांसदहरु कांग्रेसका महामन्त्री गगन थापा, रास्वपाका सभापति रवि लामिछाने, एमाले सांसद रघुजी पन्त लगायतका सांसदहरुले ‘ मन्त्री ज्वाला बालकुमारीको भीडमा किन जानुपरेको थियो, आन्दोलन गरिरहेका युवाका बीचमा जानु कत्तिको आवश्यक थियो ?’ भनी प्रश्न गरेका छन् ।

शुक्रबार मन्त्री ज्वाला ग्वार्को नजिकैको एक पार्टी प्यालेसमा आयोजित एकीकृत समाजवादीको कार्यक्रममा सहभागी भएर बालकुमारी हुँदै सिंहदरवारस्थित मन्त्रालय निस्किएका थिए । प्रदर्शन चलिरहेकै बाटो हुँदै निस्किएको र गाडी प्रदर्शनकारीको घेराबन्दीमा परेको भनिएपछि प्रहरीको फिल्ड कमाण्डर मन्त्री भएतिर जान खोजेको र अवरोध हुँदा गोली प्रहार गरेको गृहमन्त्री श्रेष्ठसहित सुरक्षा निकायका प्रमुखहरुको स्पष्टीकरण छ ।

सम्बन्धित अधिकारीहरुको स्पष्टीकरणपछि राज्य व्यवस्था तथा सुशासन समितिले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीमाथि छानबिन गर्न सरकारका नाममा निर्देशन नै जारी गरेको छ ।

सोमबार उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसहित सुरक्षा निकायका प्रमुखहरुसँग छलफल गरेको समितिले यस्तो निर्णय गरेको हो । निर्णयमा भनिएको छ, ‘ उक्त घटना घट्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा र भौतिक पूर्वाधार तथा यातायात मन्त्री र मन्त्रालयको भूमिकाबारे पनि छानविन गर्न निर्देशन दिने ।’

### कहाँ...

उनको निष्कर्ष छ । एमालेका सांसद रघुजी पन्तश्रम तथा रोजगार मन्त्री भण्डारी मूल जिम्मेवारी भन्दा अन्यत्रै व्यस्त भएका कारणले समस्या उत्पन्न भएको बताउँछन् । मूल जिम्मेवारी छाडेर मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जाने कामदारको अभिमुखीकरण तालिम शुल्क ८ सयबाट बढाएर २८ सय पुर्‍याएर भ्रष्टाचार गरेको आरोप सांसद पन्तले लगाएका छन् ।

### राष्ट्रिय...

हुने बताउँदै वैचारिक मतभेदकाबीच पनि पार्टीहरु एकै ठाउँमा बस्ने परम्पराले विदेशीहरु समेत छक्क पर्ने गरेको बताएका थिए । ‘हाम्रा आफ्ना मतभेदहरू, पार्टीका वैचारिक मतभेदहरू र पार्टीगत मतभेदहरू आफ्नो ठाउँमा छन्,’ उनले भने, ‘राम्रो कुरा के छ भने सबै पार्टीहरू एकै ठाउँमा बस्ने परम्परा बनेको छ । यस्तो देख्दा मान्छेहरू छक्क पर्छन् । विदेशीहरू पनि छक्क पर्छन् ।’

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली कार्यक्रममा राजतन्त्र पक्षधरविरुद्ध सबैभन्दा कडा शैलीमा प्रस्तुत भए । उनले लोकतन्त्रको रक्षाका लगि दलहरु एकै ठाउँमा रहेको बताए । ‘हाम्रो कपाल त्यत्तिकै फुलेको हैन र, हामी राजतन्त्र फर्किन दिंदैनौं’ ओलीले भने, ‘हामी तनाशाह आउन दिंदैनौं, यो त खुलमखुला छ ।’ राजतन्त्र पक्षधरलाई कस्तो राजा ल्याउन खोजेको भन्दै ओलीले राजतन्त्र फर्किएका पनि त्यसले केही गर्न नसक्ने टिप्पणी गरे । ‘संवैधानिक राजा बनाउन खोजेको भन्छन’, उनले भने, ‘सेरेमोनियल त रामचन्द्रजी हुँदै हुनुहुन्छ त । अनि के गर्छ त त्यो राजाले चाहिं ?’ राजतन्त्र फर्काउने बहस नै फाल्तु भएको उनको टिप्पणी थियो ।

पूर्व प्रधानमन्त्री एवं एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले अहिलेको व्यवस्था भन्दा अरु व्यवस्था उत्तम हुन नसक्ने ठोकुवा गरे । ‘संसदीय प्रणाली नै सर्वोत्तम व्यवस्था हो,’ उनले भने, ‘संसदीय प्रणालीको विकल्प संमृद्ध संसदीय प्रणाली हुनसक्छ, तर अरू कुनै व्यवस्था यसको राम्रो विकल्प हुनै सक्दैन । यो संसारभरिका देशहरूलाई उदाहरणका लागि हेरेर पनि प्रष्ट हुन सकिन्छ ।’

अर्का पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले भने संविधान, नेता र व्यवस्थाप्रति आक्रोश बढेको विषयलाई गम्भीरतापूर्वक लिएर सहमति गर्नुपर्ने बताएका थिए । ‘केही गम्भीर त्रुटिहरु छन्, हामीले बनाएको संविधान कार्यान्वयन हुन नसक्नु र त्यसले फल दिन नसक्नुमा कमजोरी छन्, त्यसलाई हामीले सच्चाउनतिर र राष्ट्रिय सहमति गर्नतिर लाग्नुपर्छ’, भट्टराईको भनाइ छ । यद्यपि ‘राजतन्त्रको भूत’बाट तर्सिनुनपर्ने भन्दै शासकीय स्वरुप र निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने प्रस्ताव गरे । भट्टराईले तत्काल प्रमुख दलहरुको संयुक्त सरकार बनाउन सकिने बताए ।

### भुटानी...

झिकाउन आदेश गरेको हो ।

यो प्रकरणमा संलग्न रहेको आरोप लागेका पूर्वगृहमन्त्री बालकृष्ण खाण छुटिसकेका छन् । सुरुमा खाणलाई थुनामा राख्ने कि छाड्ने भन्ने विषयमा उच्च अदालत पाटनका दुई न्यायाधीशबीच राय बाझिएको थियो । पछि न्यायाधीश कृष्णराम कोइरालाको एकल इजलासले खाणलाई ३० लाख धरौटीमा छाडेको छ ।

### व्यवसायीद्वारा...

साउदी अरेबियाका लागि सबै प्रकारका भिसा प्रक्रियाको संयोजन गरिरहेको छ । व्यवसायीहरुले भिसा सेन्टरले श्रमिकको लागि दैनिक एक सय वटा मात्र कोटा जारी गरेकोले त्यसले बायोमेट्रिकका लागि आउने कामदार र म्यानपावर व्यवसायी दुवैलाई समस्यामा पार्ने बताएका छन् । सोमबार घेराउको नेतृत्व गरेका संघका अध्यक्ष राजेन्द्र भण्डारीले गत मंसिरमा म्यानपावर कम्पनीमार्फत साउदी अरबमा करिब ५ हजार जनाको श्रम स्वीकृति भएको उल्लेख गर्दै भिसा सेन्टरको क्षमताको हिसाबले दैनिक एक सय जनाको बायोमेट्रिक हुने र मासिकरुपमा बढीमा २ हजार ५ सय जनाको बायोमेट्रिक गर्दा आधाभन्दा बढी कामदार भिसा प्रक्रियामा सहभागी हुन नै नसक्ने बताए । उनले भविष्यमा साउदी जाने कामदारको संख्या बढ्दै गए थप समस्या सिर्जना हुने जिकिर गरे ।

हाल भिसा सेन्टरमा बायोमेट्रिकको शुल्क ७ सय रहेको बताइएको छ । तर प्याथोलोजीलगायतका चेकजाँच गर्दा निजी चिकित्सकलाई रिफर गरेर पठाउनुपर्ने बाध्यताले कामदारको खर्च अनावश्यकरुपमा बढ्ने अवस्था रहेको वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका कार्यवाहक अध्यक्ष प्रमेश्वर अधिकारीले टिप्पणी गरे ।

भिसा सेन्टरका कर्मचारीले भने आफूहरु साउदी अरेबियाको दूतावासप्रति मात्रै जिम्मेवार रहेको भन्दै सार्वजनिक सञ्चारका माध्यमबाट कुनै प्रतिक्रिया नदिने बताएका छन् ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनालले परराष्ट्र मन्त्रालयले कामदारका पक्षमा भूमिका नखेलेका कारण बंगलादेशलगायतका देशमा लागू हुन नसकेको बायोमेट्रिक प्रणाली नेपालमा लागू भएको भन्दै बायोमेट्रिक लागू गर्ने विषयमा नेपालका ठूलामध्येका केही व्यवसायीको प्रत्यक्ष-अप्रत्यक्ष संलग्नता रहेकोले आन्दोलन उनीहरुविरुद्ध पनि केन्द्रित गर्न आवश्यक रहेको टिप्पणी गरे ।

घेराउमा उपस्थित अन्य केही व्यवसायीले भने बायोमेट्रिकका नाममा म्यानपावर कम्पनीसँग एप्वाइन्टमेन्ट मिलाउने भन्दै अनुचितरुपमा रकम मोलतोल हुने खतरा रहेको दाबी गरे ।

यसैबीच संघले साउदी भिसा सेन्टरमार्फत बायोमेट्रिक प्रणाली लागू गर्दा त्यसले भविष्यमा सिण्डिकेटको रुप लिने र व्यवसाय गर्न नसकिने अवस्था उत्पन्न भएको भन्दै मंगलबार सर्वपक्षीय व्यवसायी छलफल बोलाएको छ । छलफलमा राजनीतिक दल निकटसहित क्षेत्रीय, भेगीय तथा जातीय सबै संघसंस्थाको प्रतिनिधित्व रहने बताइएको छ ।

### म्यानपावर...

गरेको उजुरीका आधारमा ४१ वर्षीय पौडेललाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ ।

पौडेलले उनीहरुलाई मासिक ३ लाख रुपैयाँ तलब हुने प्रलोभन देखाएर २० लाख रुपैयाँ खर्च लाग्ने बताएका थिए । त्यसपछि पीडितहरुबाट पटक-पटक गरी १९ लाख ६० हजार रुपैयाँ लिएर पौडेल सम्पर्कविहीन भएको प्रहरीले बताएको छ ।

प्रहरीले पौडेललाई पुस १२ गते काठमाडौंको कोटेश्वरबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ ।

यस्तै वैदेशिक रोजगारका लागि युरोपेली मुलुक अष्ट्रिया र दुबई पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले हरिश प्रसाद जोशीलाई वैदेशिक रोजगारीका लागि अष्ट्रिया पठाइदिन्छु भन्दै प्रलोभनमा पारेर ठगी गरेको उजुरीका आधारमा कञ्चनपुरको भिमदत्त नगरपालिका वडा नं. १ घर भइ हाल काठमाडौंको टोखा नगरपालिका वडा नं. १० भण्डारी टोल बस्ने ३९ वर्षीय राम बहादुर सिंहलाई पक्राउ गरेको हो ।

सिंहले जोशीलाई मासिक १ लाख ५० हजार रुपैयाँ तलब हुने प्रलोभन देखाएर १५ लाख रुपैयाँ खर्च लाग्ने बताएका थिए । त्यसपछि जोशीबाट ३ लाख रुपैयाँ लिएर सिंह सम्पर्कविहीन भएको प्रहरीले बताएको छ । प्रहरीले सिंहलाई काठमाडौंको टोखाबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ ।

यस्तै प्रहरीले लक्षिराम बुढालाई वैदेशिक रोजगारीका लागि दुबई पठाइदिन्छु भन्दै प्रलोभनमा पारेर ठगी गरेको उजुरीका आधारमा काठमाडौं महानगरपालिका वडा नं. २० बस्ने ४२ वर्षीय सुरेश कुमार रंजितलाई पक्राउ गरेको हो ।

रंजितले बुढालाई मासिक ७२ हजार रुपैयाँ तलब हुने प्रलोभन देखाएर ३ लाख २० हजार रुपैयाँ खर्च लाग्ने बताएका थिए । त्यसपछि बुढाबाट ३ लाख २० हजार रुपैयाँ नै लिएर रंजित सम्पर्कविहीन भएको प्रहरीले बताएको छ । प्रहरीले रंजितलाई काठमाडौंको दरबारमार्गबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ ।

## जापानमा शक्तिशाली भूकम्प

# नेपालीहरुलाई सुरक्षित स्थानमा रहन एनआरएनए जापानको आह्वान

**जिपी लामिछाने/मध्यान्ह**
जापान, १६ पुस

जापानको इसिकावा प्रिफेक्चरमा सोमबार साँझ ७ दशमलव ४ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ । भूकम्पले केही साना घरहरु चर्किएका छन् भने सडकका केही स्तम्भहरु भत्किएका छन् ।

मावनविय क्षति भने कम हुन सक्ने अनुमान गरिएको छ । यद्यपी यसको विवरण भने आउन बाँकी नै छ ।

भूकम्प गएको इसिकावासहित निगाता, फुकुई, यामागाता लगायतका क्षेत्रमा सुनामि आउन सक्ने बताइएको छ ।



उक्त क्षेत्रमा ठूलो संख्यामा नेपाली नागरिकहरुको समेत बसोबास रहेको हुँदा सुरक्षित स्थानमा गएर सुरक्षित रहन एनआरएनए जापानले आह्वान गरेको छ । कुनै मानवीय क्षति या राहत आवश्यक परे २४ सैं घण्टा एनआरएनए जापान सहयोग गर्न तयार रहेको भन्दै समस्या परे तुरुन्त सम्पर्क गर्न सकिने अध्यक्ष नबिन न्युरेले जानकारी दिएका छन् ।

प्रभावित क्षेत्रमा परेका केही नेपालीहरुसँग भने निरन्तर सम्पर्कमै रहेको समेत अध्यक्ष न्युरेले मध्यान्हलाई जानकारी दिए ।

# भन्सार छलीको सामानसहित एक जना पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ पुस

अवैध रुपमा भन्सार छली गरेर ल्याउँदै गरेको सामानसहित एक जना पक्राउ परेका छन् ।

पुस १५ गते जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले कटहरिया न.पा. वडा नं. ४ तथा राजपुर न.पा. वडा नं. १ स्थित भातरबाट अवैध रुपमा भन्सार छली चोरी पैठारी गरेको समान बरामद गरिएको हो ।

किराना, लत्ताकपडा र प्याज लगायतका सामान बरामद गरेको प्रहरीले जनाएको छ ।

एक लाख नौ सय चालिस बराबरको सामानसहित गौर न.पा. वडा नं. ३ का ४० वर्षीय हरिन्द्र चौधरीलाई नियन्त्रणमा लिइ आवश्यक कारबाहीको लागि गौर भन्सार कार्यालय रौतहटमा बुझाइएको प्रहरी नायव उपरीक्षक एलिजा गिरीले जानकारी दिएकी छिन् ।


### माइग्रेसन हरायो

मिति २०८०/०८/१० गते पुतलीसडकबाट कोटेश्वरसम्म जाँदा मेरो कक्षा १२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी तथा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।

**नाम** : मनिष गिरी
**रजिष्ट्रेशन नं.** : ७६२७२९६१७
**सिम्बल नं.** : २२७०७७५९
**मोवाइल नं.** : ९८०६९७६७८०


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०९/१७**

**भानुभक्त मेमोरियल इङ्गलिस बोर्डिङ स्कुल महोत्तरी प्रा.लि.** को मिति २०८०/०९/१० गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भानुभक्त मेमोरियल सेकेण्ड्री इङ्गलिस बोर्डिङ्ग स्कुल प्रा.लि. (प्रा.लि. नं.: २२०२६)** कायम गर्ने गरी मिति २०८०/०९/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### काजीथोक कृषि प्राईभेट लिमिटेड (लिक्विडेशन) को कम्पनी खारेजीमा गएको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०३/२३ मा दर्ता कायम भएको **काजीथोक कृषि प्रा.लि. (प्रा.लि.नं. २६४२५०/०७७/०७८)** लाई खारेजी स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०९/१५ गतेको बिशेष साधारणसभाको बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर: कुमार गुरुङ, इजाजत पत्र नं. ५२१, त्रिपुरेश्वर, काठमाडौं, ९८४१८६१६३०**

# Shey-Phoksundo Rural Municipality
# Office of the Rural Municipal Executive

**Saldang, Dolpa**

**Karnali Province, Nepal**

## Invitation For Electronics BIDS

**[CONTRACT ID NO: SPRM/NCB/LISP/DOP/WORKS/080-081-11]**

**First Date of Publication: 20-Sep.-2023 AD (2080-06-03 BS)**

**Second Date of Publication: 02-Jan.-2024 AD (2080-09-17 BS)**

1. Shey-Phoksundo Rural municipality invites electronic bids from the eligible bidders for construction of the following works under National Competitive Bidding (NCB) - Single Stage-Two Envelope Bidding procedure. For further information visit e-GP portal of PPMO, *www.bolpatra.gov.np/egp*

| S. N. | Contract ID | Description of Works | Annual VAT) Turnover (NRs.) | Similar size and nature of works | Price of BID document (NRs.) | BID Security Amount (NRs.) | BID Validity/ BID security Validity period | Bid Submission Deadline | Bid Opening Deadline and Time | Office Account Details |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPRM/NCB/ DOP/WORKS/ 080-081-11 | Irrigation Canal Contruction Works (Telang dekhi Vijer Sichai yojana) | 10300000 | 8130000 | 5000 | 580000 | 90 days/120 days respectively | 01/02/2024 AD (2080-10-18 BS). 12:00 PM | 01/02/2024 AD (2080-10-18 BS). 14:00 PM | **1.** GA-1-1 SE-PHOKSUNDO GA.PA. Antarik Rajashwo khata - 1650133537700071 (Prabhu Bank Ltd)<br><br>**2.**PHOKSUNDO GA.PA. STHANIYA TATHA DHARAUTI KHATA GA-1-3-1650133537700041 (Prabhu Bank Ltd) |

**2.** Electronic Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 PM on 01-02-2024 AD (2080-10-18). Bids received after this deadline will be rejected.

**3.** If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Others will be as per Act PPA, 2063 and Regulations PPR, 2064**

**Chief Administrative Officer**

# उद्योगमन्त्री रिजालले सार्वजनिक गरे ९ महिने कार्यकालका उपलब्धि

**काठमाडौं/मस–** उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले कार्यभार सम्हालेको ९ महिना पुरा भएको छ। उनी गत चैतमा मन्त्री नियुक्त भएको उनले यो अवधिमा आफ्नो मन्त्रालयले गरेका कामको विवरण सार्वजनिक गरेका छन् ।

लामो समयपछि नेपाल आयल निगम ऋणमुक्त भएको भन्दै मन्त्री रिजालले त्यससलाई आफ्नो कार्यकालको उपलब्धि मानेका छन् । त्यस्तै पोखरामा नयाँ इन्धन भण्डारण गृहको शिलान्यास र विगत पाँच वर्ष देखी अल्झिरहेको सिमरा बिमानस्थलमा हवाइ इन्धन भर्ने सुविधा शुरु हुनु, पेट्रोलियम पदार्थको अटो बिलिङ तथा ट्यान्कर लक सिस्टम शुरु गर्नुलाई पनि उनले उपलब्धिका रुपमा समेटका छन् ।



मन्त्री रिजालले आफ्नो मन्त्रालयमा आर्थिक वर्ष २०८०/८१ का लागि ८ अर्ब १३ करोड ८० लाख रुपैयाँ विनियोजन भएकोमा मंसिर मसान्तसम्म १९.७१ प्रतिशत अर्थात १ अर्ब ६० करोड ४२ लाख रुपैयाँ खर्च भएको उल्लेख गरेका छन् ।

मन्त्रालयअन्तर्गत सबैभन्दा राम्रो वित्तीय प्रगति गर्ने निकायमा उद्योग विभाग रहेको र मंसिरसम्म विभागले आफ्नो विनियोजित बजेटको ७३.७३ प्रतिशत खर्च गरेको पनि मन्त्रालयले जनाएको छ ।

त्यस्तै उद्योग मन्त्रालयबाट मंसिर मसान्तसम्म विभिन्न १७ वटा नीति तथा कानून तर्जुमाका लागि अर्थ मन्त्रालय तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रायका लागि पठाइएको समेत मन्त्रालयले बताएको छ ।

चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म २२ वटा ठूला उद्योग, १५ वटा मझौला, १४२ हजार घरेलु तथा साना उद्योग र १० हजार कम्पनी दर्ता भएको मन्त्रालयको भनाइ छ ।

# ‘राष्ट्रिय एकता र मेलमिलापको नीति अहिले पनि उत्तिकै सान्दर्भिक’



**दिनेश ठाकुर/मध्यान्ह**
नेपालगन्ज, १६ पुस

नेपाली राजनीतिमा राष्ट्रिय एकता र मेलमिलापको नीति अहिले पनि उत्तिकै सान्दर्भिक रहेकोमा जोड दिइएको छ । नेपाली कांग्रेस बाँकेले सोमबार ४८औं ‘राष्ट्रिय एकता तथा मेलमिलाप दिवस’को अवसरमा नेपालगन्जमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले लोकतान्त्रिक गणतन्त्रलाई अझ समुन्नत र सुदृढ बनाउँदै मुलुकमा आर्थिक विकास र समृद्धि हासिल गर्न अन्तर पार्टी एकता र मेलमिलापमा जोड दिइएको हो। नेपाली कांग्रेस बाँकेका सभापति नारायणप्रसाद गौडेलको सभापतित्व एवम् कांग्रेस नेता, पूर्व पार्टी सभापति सनतकुमार रेग्मीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वक्ताहरुले त्यो बेलाको मिसन र अहिलेको सन्दर्भ फरक रहेपनि आपसी एकता, विश्वास र मिलमिलाप अहिले पनि जरुरी रहेको बताए ।

कार्यक्रममा संविधानसभा सदस्य एवम् लुम्बिनी प्रदेश सांसद बादशाह कुर्मी, संविधानसभा सदस्य अब्दुल हमिद सिद्दिकी (भोला), नेपाली कांग्रेसका नेता एवम् प्युठानका पूर्व सभापति दिवाकर गौतम, नेकपा एमाले बाँकेका उपाध्यक्ष डिल्ली विसी, जसपा बाँके अध्यक्ष एवम् नेपालगन्ज उपमहानगरपालिकाका उपप्रमुख कमरुद्दिन राई, नेपाली कांग्रेस बाँके क्षेत्र नम्बर २ का क्षेत्रीय सभापति रमेशकुमार गुप्ता र राष्ट्रिय जनमोर्चाका नेता कृष्णराज पाण्डेलगायतले मन्तव्य राखेका थिए । दलहरुले आफ्नो चरित्र र कार्यशैली बदल्नुपर्नेमा जोड दिँदै वक्ताहरुले अहिले राष्ट्रिय एकता र मेलमिलाप संकटमा परेको टिप्पणी समेत गरे ।

नेपाली कांग्रेस वडा नम्बर १२ का सभापति रामु चिडिमारले स्वागत मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा पार्टी उपसभापति कृष्णबहादुर कार्कीले धन्यवाद ज्ञापन तथा सञ्चालन सचिव सुधांशु कोइरालाले गरेका थिए ।

कार्यक्रममा उच्च अदालत नेपालगन्ज बारका अध्यक्ष चित्रबहादुर शाही, जिल्ला अदालत बारका अध्यक्ष मेहरसिंह खत्री तथा हालै भारतमा सम्पन्न ‘वर्ल्ड स्ट्रेन्थ लिफ्टिङ च्याम्पियनसिप’ मा स्वर्ण पदक विजेता डा। प्रतिक श्रेष्ठ लगायत अन्य पदक विजेतालाई सम्मान गरिएको थियो ।

२०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले ‘कू’ गर्दै शासन आफ्नो हातमा लिएका थिए। कांग्रेस संस्थापक एवम् तत्कालीन प्रधानमन्त्री वीपी कोइराला लगायतलाई जेल हालियो । महेन्द्रले बहुदलीय प्रजातान्त्रिक व्यवस्था विघटन गरी राजनीतिक दलमाथि प्रतिबन्ध मात्र लगाएनन्, नेताहरुमाथि देशद्रोहको मुद्दा समेत लगाए । तर, २०२५ कात्तिक १४ गते वीपी कोइराला लगायतका नेताहरु जेलमुक्त भए । त्यसपछि उनीहरु भारतमा निर्वासन जीवन बिताउन थाले । त्यसको ८ वर्षपछि अर्थात् २०३३ साल पुस १६ गते वीपी कोइराला, गणेशमान सिंह, शैलजा आचार्य, खुमबहादुर खड्का लगायतका नेताहरु आफूहरुमाथि लगाइएको मृत्युदण्डको मुद्दाको बेवास्ता गर्दै राष्ट्रियता जोगाउन राजसंस्था र सबै राजनीतिक दलहरु मिलेर अघि बढ्नुपर्ने नीति अंगाल्दै स्वदेश फर्किए ।मुलुकको सार्वभौमसत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ उनीहरु भारतको निर्वासित जीवन त्यागेर स्वदेश फर्किएका थिए। पार्टीका संस्थापक कोइराला लगायतका नेता लामो निर्वासन अन्त्य गरी स्वदेश फर्किएको दिन पुस १६ गतेलाई हरेक वर्ष कांग्रेसले ‘राष्ट्रिय एकता तथा मेलमिलाप दिवस’का रुपमा मनाउँदै आएको छ ।

# १० बुँदे घोषणापत्र जारी गर्दै जलवायु सम्मेलन सम्पन्न



**सुशील सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, १६ पुस

१० बुँदे घोषणापत्र जारी गर्दै मेलम्ची ९ गुफाडाँडामा जलवायु सम्मेलन सम्पन्न भएको छ । २०७५ सालमा तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा जिल्ला समन्वय समितिले प्रथम जलवायु सम्मेलन गरेको थियो । त्यसपछि प्रत्येक वर्ष जनवरी १ तारिखमा जलवायु दिवस मनाइँदै आएको छ । सोहि अवसरमा सोमबार नगरपालिकाले १० बुँदे घोषणापत्र जारी गरेको हो । कार्यक्रममा नगर प्रमुख आइतमान तामाङले घोषणापत्र जारी गर्दै मेलम्ची नगरपालिकाको आयोजनामा आगामी वर्ष देखि ‘स्थानीयस्तरमा जलवायु परिवर्तन : जोखिम, असर र असल अभ्यास’ शीर्षक रहेको राष्ट्रियस्तरको जलवायु सम्मेलन, जलवायु पार्क गुफाडाँडामा वार्षिक रुपमा आयोजना गर्ने उद्घोष गरे ।

सो सम्मेलनबाट जलवायु परिवर्तनले स्थानीयस्तरमा पारेको असर, विकास निर्माणमा सृजना गरेको प्रतिकुलता र स्थानीय तहबाट जोखिम न्यूनीकरण, अनुकूलन र उत्थानशीलताका लागि गरिएका असल अभ्यासहरु आदानप्रदान हुनुका साथै जलवायु परिवर्तन र यसका विविध आयामका सन्दर्भमा स्थानीय सरकारहरुको बुझाइ अभिवृद्धि हुने र सम्बन्धित सरोकारवाला पक्षहरुलाई ध्यानाकर्षण गराउने लक्ष्य लिइने नगर प्रमुख आइतमान तामाङद्वारा जारी घोषणापत्रमा उल्लेख छ ।

संघीय र प्रदेश सरकारसँगको समन्वयबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थापित नगर तथा वडास्तरीय विपद् व्यवस्थापन समिति र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको निरन्तर क्षमता अभिवृद्धिमार्फत संस्थागत सुदृढीकरणका लागि आवश्यक कदम चालिने, विश्वभरी पानीको श्रोतको रुपमा परिचित मेलम्ची जलाधार क्षेत्र तथा मेलम्ची नगरपालिका भित्रका सम्पूर्ण जलाधार क्षेत्रको सुरक्षा र प्रवर्द्धनका लागि वृक्षारोपण र एकीकृत जलाधार क्षेत्र संरक्षण विशेष कार्यक्रम संचालन गरिने घोषणापत्रमा उल्लेख छ।

त्यस्तै जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको असर न्यूनीकरण गर्न जलवायु उत्थानशील कृषि प्रणालीको विकासमा जोड दिँदै, मौसम परिवर्तनमा आधारित पूर्वानुमान प्रणाली लागु गरी किसानलाई अग्रिम जानकारी गराउने प्रविधि स्थानीयस्तरसम्म विस्तार गरिने, जलवायु परिवर्तनको कारणबाट २०७८ असार १ गते र त्यसपछि मेलम्ची र ईन्द्रावती नदीमा आएको विनाशकारी बाढीबाट क्षति भएका पूर्वाधारहरुको पुनर्निर्माण एवं पुनर्स्थापना कार्यलाई दूत गतिमा अगाडि बढाउने, आगामी दिनहरुमा निर्माण गरिने निजी तथा सार्वजनिक पूर्वाधार समेतमा हुनसक्ने सम्भावित विपद् जोखिम पहिचान गरी जोखिम न्यूनीकरण गरिने उल्लेख छ ।

स्थानीयस्तरमा जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न तथा जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थीहरुमा विपद् जोखिमको बुझाइ अभिवृद्धि गर्नका लागि जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तालिम केन्द्रको स्थापना गर्नुका साथै जलवायु परिवर्तन र विपद् व्यवस्थापनलाई स्थानीय पाठ्यक्रममा समावेश गरी जलवायु शिक्षा र विपद् व्यवस्थापनलाई स्थानीयस्तरसम्म पुऱ्याउन नगरपालिकाबाट विशेष कार्यक्रम सञ्चालन गरिने, विपद् पूर्व तयारी तथा प्रतिकार्यमा क्षमता अभिवृद्धि गर्नका लागि प्रत्येक वडामा २५ जनाको विपद् स्वंयसेवक समूह तयार गरी खोज, उद्दार, प्राथमिक उपचार, राहत वितरण, पुनर्स्थापना र पुनर्निर्माणसंग सम्बन्धित आवश्यक तालिम, उपकरण र व्यवस्थापकीय क्षमता सहितको तत्काल परिचालन गर्न सक्ने जनशक्ति तयार गरिने, जलवायु परिवर्तनले सिर्जना गरेको विपद्धन्य घटनावाट हुने क्षति न्यूनीकरण गर्न, पूर्व सूचना प्रणालीहरुको स्थापना र सुदृढीकरण गरी जोखिममा रहेका समुदाय र जनधनको क्षति न्यूनीकरण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने घोषणापत्रले समेटेको छ ।

त्यस्तै जलवायु परिवर्तनबाट परेको असर र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विद्यमान व्यवस्थाहरुको अधिनमा रहि, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र स्थानीय जलवायु अनुकूलन योजनासहित, विपद्का विभिन्न चरणमा अपनाइने रणनीतिहरुलाई एकीकरण गरी तथ्य र तथ्यांकमा आधारित, वैज्ञानिक तथा व्यवहारिक एकिकृत स्थानीय जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने, विपद् एवंम् जलवायु उत्थानशील नगर निर्माण गर्नका लागि दिगो विकास लक्ष्य, राष्ट्रिय जलबायु परिवर्तन नीति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, वातावरणमैत्री स्थानीय शासनका प्रारुपहरुलाई नगरपालिकाबाट संचालन गरिने योजना तथा कार्यक्रमहरुमा समावेश गर्दै दिगो, गुणस्तरीय, उत्थानशील र वातावरणमैत्री विकासको सुनिश्चितता गरिने घोषणापत्रमा उल्लेख गरिएको छ ।

कार्यक्रममा मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधान, निवर्तमान प्रमुख डम्बर अर्याल, उपप्रमुख भवगती नेपाल लगायतले जलवायु परिवर्तनले पारेका असरका बारेमा सचेत रहँदै योजनावद्ध ढंगले अगाडि बढ्नुपर्ने बताएका थिए । कार्यक्रमको उद्देश्यबारे नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत निमेश मिश्रले प्रष्ट पारेका थिए भने वडा अध्यक्ष किरणदिप खड्काले स्वागत मन्तव्य राखेका थिए। नेपाल शिक्षक महासंघ सिन्धुपाल्चोकका अध्यक्ष कुमार खतिवडाले शुभकामना मन्तव्य राखेको कार्यक्रम नगरपालिकाका राजस्व शाखा प्रमुख राजेन्द्र दुलालले सञ्चालन गरेका थिए ।

# सडक दुर्घटना न्यूनीकरण गर्न ट्याक्टरमा अनिवार्य रिफ्लेक्टर स्टिकरको प्रयोग



**बिन्द्र राई/ मध्यान्ह**
उदयपुर, १६ पुस

उदयपुरमा दुर्घटना न्यूनीकरणको लागि ट्याक्टरहरुमा रिफ्लेक्टर स्टिकरको प्रयोगमा अनिवार्य गरिएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुर र त्रियुगा ट्याक्टर ढुवानी व्याबसायी संघ बीचको समन्वयमा सोमबार उदयपुरको गाईघाटमा सडक दुर्घटना न्यूनीकरणको लागि रिफ्लेक्टर स्टिकर प्रयोगमा अनिवार्य गरिएको हो ।

रात र दिनको समयमा विभिन्न सामग्री ढुवानीमा ट्याक्टरहरु अधिकतम प्रयोगमा आएसँगै दुर्घटना पनि बढिरहेको हुँदा न्यूनीकरणको लागि ट्याक्टर हरुमा अनिवार्य रिफ्लेक्टर स्टिकर प्रयोग गरिएका हुन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरको प्रमुख प्रहरी वरिष्ठ नायव निरीक्षक लोक बहादुर दियालीले सडक दुर्घटना न्यूनीकरणको लागि रिफ्लेक्टर स्टिकर प्रयोगमा अनिवार्य गरिएको जानकारी दिए। दियालीले जाडो समयमा सडकमा हुस्सु सितलहर तथा रात र दिनको समयमा अगाडि र पछाडिका सवारीसाधनहरुले साईड लाईट (इन्डिकेटर) देख्न नसक्ने हुँदा दुर्घटना हरु हुने गरेको जानकारी दिए ।

त्रियुगा ट्याक्टर ढुवानी व्यवसायी संघको अध्यक्ष युवराज पराजुलीले ट्याक्टरहरुमा रिफ्लेक्टर स्टिकर जडानसँगै सडक दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने उनको भनाइ छ। उदयपुरको गाईघाटमा पहिलो पटक १५ थान ट्याक्टरमा रिफ्लेक्टर स्टिकर जडान गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।


## सच्याईएको सम्बन्धमा

मिति २०८०/०९/१६ मा “मध्यान्ह” राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित **नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**को बैंकमा धितो राखेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सूचनामा **ऋणी नमुलाल काफ्लेको बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१०/०२** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा जानकारी गराईन्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## भूल सुधार

मिति २०८०/०९/१६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित पून विज्ञापनमा साउदीमा रोजगार शिर्षक कम्पनीको नाम : Branch of Hyundai Engineering Company Limited, पूर्व स्वीकृत मिति: २०८०/०४/२२, चलानी नं.: ६०२०५७८९, र LT. No.: 290646 हुनपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ ।

Asiapower Recruitment Consultants Pvt. Ltd.
P.O.Box: 24384, Sukedhara, Kathmandu, Nepal
Govt Lic No. 1198/073/074
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowerjobnepal@gmail.com

## साउदीमा रोजगार
Al-Ahsa Automatic Bakeries Company Factory

पुर्व स्वीकृती मितिः २०८०/०९/१६ | चलानी नं. ६०२१२४३३ | LT No.:297480

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Truck Driver | 07 | 0 | काममा दक्ष | 1800 | ६४,०५८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००।- |

अन्तरवार्ता २०८० पुष २४ गते (9 Jan., 2024) यस प्रा. लि. को कार्यालय कुलेश्वर, काठमाडौमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

अराउण्ड द वर्ल्ड सर्भिसेज् प्रा. लि.
श्रम इजाजत नं.: १०३/०७४/०७५
कुलेश्वर, काठमाडौं, फोनः ०१-५३७२०८०, ५३०१३५९, Email : awsnepal@gmail.com

## UAE को प्रतिष्ठित कम्पनीमा रोजगारी

TROJAN GENERAL CONTRACTING
कम्पनी: TROJAN GENERAL CONTRACTING LLC
शहर: ABU DHABI | LT. No.:297008

पूर्व स्वीकृत मितिः २०८०/०९/०९ | चलानी नं.: ६०२१२०१२ | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | स्काफोल्डर | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | स्टिल फिक्सर | 150 | 0 | | 1200 | ४३,४०४ | | | | | | | |
| 3. | मेशन (अलराउण्डर) | 150 | 0 | | 1200 | ४३,४०४ | | | | | | | |
| 4. | सटरिङ कारपेन्टर | 100 | 0 | | 1200 | ४३,४०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० पुष १९, २३ र २४ गते (4, 8 & 9 January 2024) मा हुनेछ ।
अन्तर्वार्ता अञ्जली ट्रेनिङ सेन्टर विर्तामोड इटहरीमा २०८० पुष २० गते (5 January 2024) मा हुनेछ ।
अन्तर्वार्ता राम जानकी ट्रेनिङ सेन्टर जनकपुर धनुषामा २०८० पुष २१ गते (6 January 2024) मा हुनेछ ।
अन्तर्वार्ता तिलोत्तमा ट्रेनिङ सेन्टर बुटवल रुपन्देहीमा २०८० पुष २२ गते (7 January 2024) मा हुनेछ ।

नोटः उमेर १९ देखि ४५ सम्म सम्बन्धित काममा अनुभवी तथा काम सिकेका समेत पनि अन्तर्वार्ता दिन सकिने ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 01- Tel : 01- 4987207/4982296. Mobile No.: 9801012690 | 9801175503 | 9801175502
E-mail : pro@anjalioverseas.com.np. website: www.anjalioverseas.com

## माईन्ड म्यानेजमेन्ट कार्यशाला
सफलता, शान्ति र आनन्दको लागि

मानसिक क्षमता वृद्धि, आत्म विकास, सकारात्मक सोच, नेतृत्व क्षमता विकास, अध्यात्मिक ज्ञान तथा लाभ र सुखी जीवनको लागि हुन गइरहेको यस कार्यक्रममा स्वागत छ ।

“सफल हुने बहाना बनाउँदैन बहाना बनाउनेले सफल हुँदैन”
आचार्य श्री स्वामी ध्रुव

शुल्क रु ६,०००/-

आयोजकः सृष्टी साधना केन्द्र, सानेपा
सम्पर्कः ९८४३४७४३९७


## Government of Lumbini Province
Ministry of Physical Infrastructure Development
**Water Resources and Irrigation Development Division Office**
Arghakhanchi

**Invitation for Bids**

**Date of Publication: 2080/09/17 (02/01/2024)**

1. Water Resources and Irrigation Development Division Office, Arghakhanchi invites electronic bids from eligible bidders.

| S. N. | Contract No. | Description of works | Bid Secrity Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | WRIDDARG/ DDIP/ NCB -10/080-81 | Construction of Intake, Canal and Canal Structure on Damaidhunga IP Sitganga.-4 | 615,000.00 | 5000.00 | 1/02/2024 12:00 hrs | 1/02/2024 13:00 hrs |
| 2 | WRIDDARG/ HKIP/ NCB-11/080-81 | Construction of Intake, Canal and Canal Structure on Harsingkhor IP Sandhikharka.-10 | 620,000.00 | 5000.00 | 1/02/2024 12:00 hrs | 1/02/2024 13:00 hrs |

Further Detail regarding the Notice of Invitation for Bids, interested bidders is requested to visit the office of WRIDDO, Arghakhanchi or the e-gp portal www.bolpatra.gov.np/egp.

Division Chief


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# आफैंले थापेको धराप

सत्ता साझेदार दल जनमत पार्टीका अध्यक्ष सिके राउतसहित संघीय सरकारकै मन्त्री अनिता देवी सोमबार माइतीघरबाट पक्राउ परे । धोती दिवसको ब्यानरसहित पुगेकाहरूलाई पक्राउ गर्ने क्रममा सत्ता साझेदार दलकै अध्यक्ष राउत, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री देवी सहित जनमत पार्टीका कार्यकर्ता पक्राउ परेका हुन् । सत्तारूढ दलकै प्रमुख र संघीय मन्त्रीलाई नै पक्राउ गरिनुको कारण धोती दिवस मनाउनु थिएन । बरू गत ५ पुसमा मात्रै दुई महिनाका लागि थप गरिएको निषेधित क्षेत्र उल्लङ्घन कारण थियो । निषेधित क्षेत्रमा प्रदर्शन हुन थालेपछि पक्राउ परेकाहरूलाई उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ आफै पुलिस क्लब पुगेर बाहिर ल्याएका थिए । रिहा भएलगत्तै अध्यक्ष राउतले देशमा अझै रंगभेद रहेको प्रतिक्रिया दिए । मधेश केन्द्रित एजेण्डा लिएर राष्ट्रिय राजनीतिमा उदाएका राउतले त्यस्तो प्रतिक्रिया जनाउनु स्वभाविक थियो ।

तर स्थानीय प्रशासनले मन्त्री समेत सत्तारूढकै नेतृत्वलाई पक्राउ हुने परिस्थितिको सिर्जनामा भने स्वयं अध्यक्ष राउतहरूले नै गरेका थिए । किनकि निषेधित क्षेत्र उल्लङ्घनको आरोपमा पक्राउ पर्ने क्रम लगातार चलिरहेको छ । शनिबार मात्रै माइतीघरबाटै बालकुमारीमा दुई युवक मारिएको घटनालाई लिएर प्रदर्शन गर्दा पक्राउ परेका थिए । नागरिक समाजका अभियान्ताहरू त्यही क्षेत्रबाट बारम्बार पक्राउ परिरहेका छन् । सरकारले भने गत ५ मंसिरदेखि सुरू गरेको निषेधित क्षेत्र घोषणाको क्षेत्र थप बिस्तार गरिरहेको छ । पहिले माइतीघरदेखि नयाँ बानेश्वरसम्म, राष्ट्रपति र प्रधानमन्त्रीको सरकारी निवास क्षेत्रमा निषेधित क्षेत्र घोषणा गरिएको थियो । त्यसलाई बिस्तार गरेर सिंहदरबार परिसर र उपराष्ट्रपतिको कार्यालय परिसरलाई पनि दुई महिनाका लागि निषेधित क्षेत्र घोषणा गरिएको छ ।

उक्त निर्णयप्रति जनमत पार्टीले कुनै प्रतिक्रिया जनाएको थिएन । जबकी लोकतन्त्रमा नागरिकलाई सरकारविरूद्ध शान्तिपूर्ण प्रदर्शनको अधिकार संविधानमै सुनिश्चित हुन्छ । सत्ताले सुन्ने ठाउँमै उभिएर शान्तिपूर्ण प्रदर्शन गरेर आफ्नो कुरा राख्न पाउने भएकैले लोकतन्त्रलाई तुलनात्मक उत्तम प्रणाली मानिन्छ । तर नागरिकको आवाज दबाउने उद्देश्य अन्तर्गत निषेधित क्षेत्र, सामाजिक सञ्जालमा कडाइ हुँदै नागरिकमाथि प्रहरी हस्तक्षेप हुँदा समेत नबोली बसेको जनमत पार्टीका कार्यकर्ता सत्तारूढ भएर पनि सोमबार पक्राउ परे । परिस्थिति बिग्रदै जाँदा अरू सत्तारूढ पनि लोकतन्त्रविरूद्धको यो धरापमा पर्न सक्छन् । त्यसैले लोकतन्त्रको संरक्षणमा लगातार आन्दोलित नागरिक अगुवाको कुरा सत्ता र सत्तारूढले तत्काल सुन्न आवश्यक छ । नागरिकको आवाज दबाउने कानूनले अरूलाई पनि छोड्ने छैनन् ।

# नेपाली फुटबलमा नआएको रौनक

*खेलमा लगानी बढी, दर्शक कम हुँदा आउँदो प्रतयोगिता सञ्चालन गर्न र नेपाली फुटबलमा लगानी भित्र्याउन निकै सकस हुने देखिएको छ । नेपाली फुटबलले सोचेअनुरूप किन गति लिन सकेन भन्ने चिन्ता आम नेपाली फुटबल प्रेमीमा छ ।*

अग्रलेख



● झलक शर्मा

नेपाली फुटबल जगतमा यतिबेला नेपाल सुपर लिग सम्पन्न भएको छ । फाइनलमा ललितपुर सिटि फुटबल क्लबले धनगढी फुटबल क्लबलाई ३-२ गोलअन्तरले पराजित गर्दै नेपाल सुपर लिगको दोस्रो संस्करणको उपाधि जित्यो । ९ टिम सहभागी रहेको सो प्रतियोगितामा विजेता ललितपुर सिटि फुटबल क्लबले ७० लाख र उपविजेता टिम धनगढी फुटबल क्लबले २० लाख रूपैयाँ हात पारे । कोरोना महामारीको दोस्रो लहरमा बिना दर्शक खेल सञ्चालन गरिएकोमा अहिले भने दर्शक सामु प्रतियोगिता सञ्चालन गरियो ।

पहिलो सिजनमा नेपाल सुपर लिगले धेरै घाटा व्यहोर्नु पर्‍यो । त्यसपछि सहिद स्मारक ए डिभिजन लिगका क्लब र नेपाल सुपर लिग( एनएसएल)बिच विवाद हुँदा सो प्रतियोगिताले निरन्तरता पाउन सकेको थिएन । सहिद स्मारक ए डिभिजन लिगका क्लबले आफ्ना खेलाडीको सम्झौता अवधि रहेकै बेला सुपर लिगका क्लबले खेलाडी अनुबन्ध गरेकाले विवाद चुलीमा पुगेको थियो । विवाद सल्टियो र प्रतियोगिताले निरन्तरता पनि पायो । नेपाल सुपर लिग निकै तामझामका साथ उद्घाटन गरियो । क्लबहरूले पनि महँगो मूल्यमा स्वदेशी तथा विदेशी खेलाडी अनुबन्ध गरे । तर, खेल हेर्न दर्शक रंगशाला पुग्न सकेनन् । आयोजकले सोचेभन्दा निकै कम दर्शक रंगशालामा उपस्थित भएका थिए ।



आखिर रंगशालामा नेपाली फुटबल हेर्न दर्शकको संख्या किन पातलिँदै छ भन्ने कुरा सरोकार वर्गका लागि चासोको विषय बनेको छ । खेलमा लगानी बढी, दर्शक कम हुँदा आउँदो प्रतयोगिता सञ्चालन गर्न र नेपाली फुटबलमा लगानी भित्र्याउन निकै सकस हुने देखिएको छ । नेपाली फुटबलले सोचेअनुरूप किन गति लिन सकेन भन्ने चिन्ता आम नेपाली फुटबल प्रेमीमा छ । तर, नेपाली फुटबलको सर्वोच्च संस्था अखिल नेपाल फुटबल संघ (एन्फा) भने सधैँ मौन बस्छ । फुटबलभित्र वेथितिका पोका धेरै छन् । कमजोरी देखिएका छन् सुधार गर्न भने कुनै प्रयत्न गरिएको छैन । आखिर व्यक्तिगत लाभका लागि नै फुटबलका अगुवाहरू रुमलिएका हुन त ? त्यसो भने फुटबललाई अगाडि बढाउने कसले हो ? फुटबल खेलाडी, समर्थक वा फुटबल क्लबहरूले मात्र चिन्ता लिएर यसको समाधान हुन्छ त ?

विगतमा सार्क मुलुकमध्ये भुटान सबैभन्दा कमजोर मानिन्थ्यो । तर, आज नेपालले भुटानसँग खेल्दा डर मान्नुपर्ने परिस्थिति छ । भुटानको खेलमा धेरै सुधार भएको देखिन्छ । खेलाडीहरूमा जितको भोक देखिन्छ तर, नेपाली खेलाडीमा जोसजाँगर गुमेको प्रत्यक्ष भान हुन्छ । अधिकांश खेलमा विदेशी खेलाडीको दबदबा देखिन्छ । खेलमा नेपाली खेलाडी विदेशी खेलाडीको छायाँमा परेको महशुस हुन्छ । प्रायः अग्रपंक्ति र डिफेन्समा विदेशी खेलाडीलाई नै प्रशिक्षकले चयन गरेको पाइन्छ ।

गोल पनि विदेशी खेलाडीबाट नै निस्केको छ । एनएसएलमा पाँच विदेशी खेलाडी खेलाउन पाउने नियम छ । प्रशिक्षकले विदेशी खेलाडीलाई विश्वास गर्नुको कारण शारिरिक सक्षमता, सीप मात्रै हो की नेपाली खेलाडीमा सक्षमतामा ह्रास आएको हो । त्यो कुरा नेपाली प्रशिक्षकले स्पष्ट पारिदिनु आवश्यक छ । प्रतियोगितामा विदेशी खेलाडीसँग मात्र भर पर्दा नेपाली खेलाडी भने ओझेलमा पर्ने निश्चित छ ।

नेपाली फुटबलका अगुवाहरू भुकम्प, कोरोनामहामारीका कारण फुटबल अस्ताएको बताउछन् तर यो अभिव्यक्तिमा विश्वास

> *विगतमा सार्क मुलुकमध्ये भुटान सबैभन्दा कमजोर मानिन्थ्यो । तर आज नेपालले भुटानसँग खेल्दा डर मान्नुपर्ने परिस्थिति छ । भुटानको खेलमा धेरै सुधार भएको देखिन्छ । खेलाडीहरूमा जितको भोक देखिन्छ, तर नेपाली खेलाडीमा जोसजाँगर गुमेको प्रत्यक्ष भान हुन्छ ।*

गर्न सकिँदैन । फुटबलको विकासका लागी सबै पक्षको एक्यबद्धता देखिँदैन । गुटउपगुटले एन्फा नेतृत्वलाई प्रभाव पारिरहेको छ । आफ्नो स्वार्थ पूरा हुन नसकेको खण्डमा नेतृत्वकर्ताको खुट्टा तान्ने प्रवृत्ति छ । जस अपजसको राजनीतिले एन्फालाई धुमलाईरहेको छ । भ्रष्टाचार, अनियमितता, स्वच्छता र गुण्डागर्दी शैलीहरू खुलेआम् छरपष्ट छन् ।

एन्फाले तालिकाअनुरूप खेल खेलाउन सकेको छैन । विगतमा सहिद स्मारक ए डिभिजन लिग र मोफसलका प्रतियोगिता सँगसँगै सञ्चालन हुँदा त्यसको प्रभाव प्रतिस्पर्धी क्लबहरूमा देखिएको थियो । नेपाली फुटबलको गुणस्तर खस्कँदा अन्य व्यापारिक कृयाकलापमा पनि असर परेको छ । मोफसलमा हुने प्रतियोगिताहरूले पनि निरन्तरता दिन सकिरहेका छैनन् । वर्षेनी आयोजकले घाटा व्यहोर्नु परिरहेको स्थिति छ । मोफसलमा उपयुक्त रंगशालाको अभावले गर्दा पनि फुटबलमा लगानीकर्ताहरूको विकर्षण भइरहेको छ ।

राष्ट्रिय टिममा खेलिरहेका अधिकांश खेलाडीहरू विदेश पलायन भएका छन् । खेलाडीलाई विदेश पलायनबाट रोक्ने र उपयुक्त तलब, तालिम र उत्प्रेरणाको स्रोतहरू सृर्जनागर्न एन्फा नेतृत्व चुकिरहेको छ । राष्ट्रिय टिममा खेलाडी छनोटमा पनि सोर्सफोर्स नातावाद, चाप्लुसीपन हावी छ । विदेशमा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीभन्दा अफिसियलको संख्या बढी हुन्छ । अफिसियलहरूलाई खेलको नतिजा भन्दा पनि भ्रमणको ध्ययले बढी प्राथमिकता पाउदछ । कार्यकारी अधिकृत, कर्मचारी तथा लेखापरिक्षकसमेत आफ्नो अनुकुलको व्यक्ति छनोट गर्ने अभ्यास छ ।

नीतिगत भ्रष्टचारलाई स्वागत गर्दै अनुशासन र नैतिकतालाई तिताञ्जली दिन तम्सने नेतृत्व छ । खेलमा हुने पक्षपाती निर्णय, मिलेमतोले गर्दा समर्थकले सोंचेअनुरूप प्रतिस्पर्धा हुन सकेको छैन । खेलाडीमा पनि अनुशासनको कमी देखिन्छ । रेफ्रिको निर्णयप्रति असहमति जनाउने, अश्लिल शब्द, जातिय विभेद तथा रंगभेदीय शब्द प्रयोग गरेको समाचार बेलाबखत सुन्ने गरिन्छ । नियमित प्रशिक्षणमा नजाने, प्रशिक्षकसँग प्रतिशोधको भावना राख्ने बानीले पनि नेपाली फुटबललाई केही हदसम्म ओरालो बाटोमा पुऱ्याएको छ ।

एन्फालाई ए डिभिजन लिग सञ्चालन गर्न पनि सकस देखिन्छ । बि र सी डिभिजन लिग सञ्चालन गर्न पोहोर बि डिभिजनका क्लबहरूले ए डिभिजनका खेलहरूमा पम्लेट प्रदर्शन गरी दबाब दिएका थिए । यद्यपि, बि डिभिजन लिगले निरन्तरता पाउन सकेको छैन । बिना प्रायोजक लिग सञ्चालन गर्ने, सञ्चालनकै क्रममा प्रायोजक खोज्ने र विजेता टिमलाई समयमा नै पुरस्कार रकम हस्तान्तरण गर्न नसक्ने समस्या विगतदेखि नै देखिँदै आएको छ ।

विगतका कमजोरीलाई आत्मसमीक्षा नगर्ने हो भने नेपाली फुटबल थप संकटमा पर्नेछ । फुटबल मनोरञ्जनात्मक खेल मात्र नभई एक व्यापारिक कृयाकलाप पनि हो । मोफसलमा हुने प्रतियोगितामा पनि आ-आफ्ना प्रायोजक छन् । फुटबल आफैं सञ्चालन गरेर वा कुनै माध्यमबाट प्रयोजन गरेर व्यापारिक लाभ लिन अझै पनि व्यावसायीहरू सकारात्मक छन् । नेपाली फुटबलमा भिडियो एसिस्टेन्ट रेफ्रि (भार) प्रविधिको प्रयोगलाई तत्काल प्रयोग गर्नु पर्ने र उक्त प्रविधिमा अन्तरघुलन गर्नु आवश्यक छ ।

खेलाडीलाई नेपालमा नै स्थापित गराउन एन्फाले खेलाडी र फुटबल क्लबबिच समन्वयकारी भूमिका खेल्नुपर्दछ । खेलाडीलाई न्यूनतम पारिश्रमिक तोक्ने, बिमा, स्वास्थ्य उपचार र निवृत्तभरणको पनि व्यवस्था गर्न सके नेपाली खेलाडीको भविष्य सुनिश्चित हुने देखिन्छ । एन्फामा सस्थागत सुशासन कायम गरी नेतृत्वकर्ताले जिम्मेवारीबोध गर्न सकेको खण्डमा मात्रै नेपाली फुटबलले गति लिन सक्छ । तसर्थ, नेपाली फुटबललाई व्यावसायिक र प्रतिस्पर्धी बनाउन एन्फाले बेलैमा उपयुक्त रणनीति बुन्नु आवश्यक छ ।

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

दौरा सुरुवाल, धोती, कछाड, टोपी, बक्खु, फेटा, स्हमा, लुङ्गीलगायत हरेक नेपालीले परम्परादेखि लगाउँदै आएका आ-आफ्नो पहिरन अर्थात् भेषभूषाहरू सबै नेपाली राष्ट्रिय पोशाक हुन् । सिके राउत समूहले धोतीलाई राष्ट्रिय पोशक माग गर्दा पक्राउ गर्नु राज्य पुनः एक भेष/एक देशको महेन्द्रकालीन प्रवृत्ति देखाउनु हो ।



**- च्यवन घिमिरे**

एक दशक अगाडि टोपी दिवस मनाउन थालियो, टोपी दिवस मनाउन पाइन्छ भने धोती दिवस पनि मनाउन पाइन्छ । धोती त नेपालीले शुभकर्मदेखि पितृकर्मसम्म प्रयोग गर्दै आएको कपडा हो, धोतीले लाज पनि छेक्छ । तर, सिके राउतले दिवस मनाउने ठाउँ चाहीँ ठीक चुने, नत्र अहिले यत्रो चर्चा हुँदैन्थ्यो !



**- विश्वरसिंह मेवाहाङ**

जसको पार्टीभित्र आफै मेलमिलाप छैन, उसैले दुनियाँ पार्टीका नेताहरू बोलाएर मेलमिलाप दिवस मनाएछ । जोगीको घरमा सन्यासी पाहुना पुगेकाहरूको पनि अनुहार चाहिँ गतिलो थिएन । जेहोस् नेताहरूलाई गाईजात्रा देखाउन चाहिँ तिथि मिति केही नचाहिने हो ।



**- गोविन्दराज पोखरेल**

सेवा प्रवाह गर्ने हाम्रा न्यायालय, संवैधानिक निकाय, सरकारी संयन्त्र, विश्वविद्यालय, मेडिकल काउन्सिललगायत संस्थाले पारदर्शी भइ सहजीकरण गर्ने र सही सूचना दिनेभन्दा नियन्त्रणमुखी हुनाले स-साना काममा पनि युवाहरू समस्यामा परेका छन् र तिनै गतिविधिले युवालाई थप निराश बनाएको छ ।

## तपाईंको राशिफल

मेष : पुराना कार्य सम्पन्न हुनेछन् । जग्गा सम्बन्धी कार्यमा लाभ मिल्नेछ ।

वृष : सबै कार्यमा धैर्य राख्नुहोला । स्वास्थ्य कमजोर हुने योग छ ।

मिथुन : बाहिरी सहयोगमा कमी आउनेछ । भाग्यमा वृद्धि हुने योग छ ।

कर्कट : कुनै पनि कार्यमा हतार नगर्नुहोला । व्यावसायिक यात्रा सफल हुनेछ ।

सिंह : नयाँ सम्पर्क बन्ने योग छ । शुभ समाचार प्राप्त हुनेछ ।

कन्या : व्यापारिक कार्यहरूमा प्रगति र प्रभाव बढ्नेछ ।

तुला : यात्रा सफल हुनेछ । आनन्दमा वृद्धि हुने योग छ ।

वृश्चिक : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । कार्यहरूमा वृद्धि हुनेछ ।

धनु : धैर्यमा वृद्धि र दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ ।

मकर : भवन निर्माणमा खर्चको योग छ । आहारमा ध्यान दिनुहोला ।

कुम्भ : महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य लाभको योग छ ।

मीन : पैतृक सम्पत्ति प्राप्तिको योग छ । स्वास्थ्य राम्रो रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

विचार

# लोकतन्त्रमाथि बढ्दो संकट



● शंकर तिवारी

सन् २०२४ मा ७६ देशमा हुने निर्वाचनमा विश्वको आधाभन्दा धेरै जनसंख्याले तिनीहरूको स्थानीय मेयरदेखि केन्द्रीय प्रतिनिधि अर्थात् राष्ट्रपति, प्रधानमन्त्री, चान्सलर चयन गर्ने निर्वाचन प्रक्रियामा भाग लिनेछन् । विश्व इतिहासमा बालिग मताधिकारको प्रचलन भएयता २०२४ सर्वाधिक ठूलो चुनावी वर्ष हुनेछ । यो वर्ष विश्वको कूल आठ अर्ब १० करोड जनसंख्यामध्ये चार अर्ब २० करोड जनसंख्याले निर्वाचनमा सहभागी हुनेछन् ।

सर्वाधिक जनसंख्या भएका १० मध्ये आठ देश क्रमशः भारत, संयुक्तराज्य अमेरिका, इन्डोनेसिया, पाकिस्तान, ब्राजिल, बङ्गलादेश, रुस र मेक्सिकोमा निर्वाचन हुनेछ । लोकतन्त्रसम्बन्धी अध्ययन गर्ने संस्था डेमोक्रेसी इन्डेक्सका अनुसार ७६ देशमध्ये ४३ देशमा मात्र स्वतन्त्र र निष्पक्ष निर्वाचन हुनेछ । युरोपियन युनियनमा आबद्ध २७ देशमा तुलनात्मकरूपमा चुनाव स्वतन्त्र र निष्पक्ष हुनेछ । अधिकांश निर्वाचनले यथास्थितिलाई नै बढावा दिनेछ । लोकतन्त्रको बढ्दो संकट अमेरिकाको घरेलु राजनीतिको प्रभावले विश्व राजनीतिमा पनि असर पार्ने अनुमान गरिएको छ । आखिरमा लोकतन्त्र भनेको आवधिकरूपमा भोट हाल्न पाउनु मात्रै त होइन ।

सन् २०२४ को नोभेम्बरमा हुने अमेरिकाको चुनावलाई उमेरले ८० लागेका दुई वृद्धबीचको अलोकप्रियताको प्रतिस्पर्धाका रूपमा हेरिएको छ । अमेरिकी राष्ट्रपतिको चुनाव यति धेरै निरस यसअघि कहिल्यै बनेको थिएन । विशेषगरी चार राज्य एरिजोना, जर्जिया, पेन्सिलभेनिया र विन्स्कन्सिनका हालसम्मका अनिर्णित मतदाताले ती वृद्धहरूको भाग्य मात्र नभएर विश्वकै भविष्य निर्धारण गर्नेछन् ।

भारतमा हालै सम्पन्न पाँच राज्यसभाका निर्वाचनबाट नरेन्द्र मोदीले प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकाल अनुमोदित हुने पक्कापक्की देखिएको छ । विश्लेषक योगेन्द्र यादवले अझै पनि भारतीय कांग्रेस पार्टी नेतृत्वको प्रतिपक्षी गठबन्धन 'आई एन डी आई ए' ले मोदीको लहरलाई रोक्न सकिने प्रक्षेपण गरेर थाकी सकेका भने छैनन् । हिन्दी भाषी बहुल उत्तर भारतीय क्षेत्रमा भारतीय जनता पार्टीको बढ्दो बर्चस्वलाई विवादित अयोध्याको राममन्दिरको उद्घाटनले नयाँ रोमाञ्चकता थपेको छ ।

उता पाकिस्तानमा यो पटक सेनाको समर्थन नवाज सरिफको पाकिस्तान मुस्लिम लिगलाई हुने देखिएको छ । बङ्गलादेशमा प्रतिपक्षी बहिस्कारसँगै शेख हसिना वाजेदको शासन अवधि लम्बिने निश्चित छ ।

रुसमा भ्लादिमिर पुटिन नयाँ संविधानअन्तर्गत तेस्रो पटक र समग्रमा पाँचौं पटक राष्ट्रपति निर्वाचित हुनेछन् । मेक्सिकोले महिलालाई प्रथम पटक राष्ट्रपति पदमा निर्वाचित गर्नेछ । प्रमुख दुई दलले महिला उम्मेदवार नै अगाडि सारेकाले यो सम्भव हुनेछ । बेलायतमा भने यो पटक प्रियतावादी नेतृत्व निर्वाचित हुने छैन, कारण त्यस्ता नेताहरू प्रमुख पार्टीहरू लेबर र कन्जरभेटिभ दलको मुख्य नेतृत्वमा छैनन् । बहालवाला प्रधानमन्त्री ऋषि सुनकलाई १४ वर्षपछि केर स्टामर नेतृत्वको लेबर पार्टीको उदय रोक्न फलामको चिउरा सावित हुनेछ । उता फ्रान्सका मध्यमार्गी एमानुअल म्याँक्रोलाई दोस्रोपटक निर्वाचित हुनबाट रोक्ने बलियो प्रतिस्पर्धी देखिएका छैनन् । जर्मनीमा पनि एसडिपी नेतृत्वको वर्तमान गठबन्धन नै अगाडि छ ।

अघोषित शीतयुद्ध नयाँ चरणमा प्रवेश गर्नेछ । सन् २०२३ को अन्त्यमा अमेरिकी राष्ट्रपति जो वाइडेन र चिनियाँ राष्ट्रपति सी चिन फिङले अमेरिका भ्रमणका क्रममा चार घण्टा आमनेसामने वार्ता गरेको कुराले गर्माएको विश्व राजनीति र चीन-अमेरिका द्वन्द्व केही ठण्डा भएको अनुमान गरिए तापनि त्यस शिखर वार्ताको ठोस सकारात्मक परिणति आउने सम्भावना कम छ ।

युक्रेन र इजरायल युद्धमा अल्झी राख्दा अमेरिकाले ताइवानको रक्षा गर्न सक्छ कि सक्दैन, सन्देहको घेरामा परेको छ । ट्रम्प अमेरिकी राष्ट्रपतिमा विजयी बनेमा युरोपियन युनियनले युक्रेनको उद्धारको बोझ उठाउनु पर्नेछ । मध्यपूर्वको तनाव झट्ट समाप्त भइहाल्ने गुन्जायस देखिएको छैन । इरानका ८४ वर्षीय सर्वोच्च नेता आयोतल्लाह अलि खाामेनीका सम्भावित उत्तराधिकारी उनकै ५४ वर्षीय माइला छोरा मोजतोवातर्फ सबैको ध्यान आकृष्ट हुनेछ ।

ऊर्जाको स्रोतको रूपमा स्वच्छ ऊर्जातिरको सङ्क्रमणले नयाँ हरित महाशक्तिहरूको उदय मात्र हुने छैन ऊर्जाको स्रोतको नयाँ नक्सा पनि कोरिनेछ । लिथियम, तामा र निकलको भाउ बढ्नेछ । नयाँ लड़ाई उच्च प्रविधियुक्त चिप्सका लागि हुँदैछ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नयाँ यथार्थ बन्न पुगेको छ । यसको उपयोग र दुरूपयोगबारे तीव्ररूपमा मत विभाजित छ । एआईको नियमन जटिल बन्दै जाने निश्चित छ, चुनावी परिणाम प्रभावित पार्न र प्रत्यक्ष रोजगारीमा पर्ने असर भयावह हुने निश्चित छ । दी इकोनोमिस्ट अखबारका पत्रकार टॉम स्ट्याण्देज उल्लेख गरे जस्तै के सन् २०२४ मा पेरिस ओलम्पिक्स र पुरुषहरूको टी-ट्वान्टी विश्वकप क्रिकेटले मात्रै विश्वलाई जोडेर राख्न सक्ला त ?

नेपालमा पनि प्रियतावादको चर्को राग फैलिँदै गएको संकेत देखिन्छ । चितवन, तनहुँ र बारामा भएको संसदीय उपनिर्वाचनमा त्यो लहर बढ्दो थियो । आगामी माघमा हुन लागेको राष्ट्रियसभा निर्वाचन सकिएको तीन महिना अर्थात् चैत्र/वैशाखमा हुने अनुमान गरिएका इलाम लगायतका जिल्लामा हुने उपनिर्वाचनले प्रियतावादको ज्वरोको नयाँ मापन गर्नेछ । परम्परागत राजनीतिक दलले राष्ट्रियसभामा खडा गर्ने उम्मेदवारले त्यसको लागि भावभूमि तयार गर्नेछ । इपिएस परीक्षा दिएर कोरिया जान लागेका दुई युवाको प्रदर्शनीको क्रममा भएको मृत्युले सरकारमाथि दबाब बढेको छ ।

सन् २०२४ को ध्यान अब गाजा र युक्रेनको युद्धभूमिभन्दा पर ७६ देशका मतपत्रहरूमा ज्यादा केन्द्रित हुनेछ । विशेषगरी अमेरिकाको निर्वाचन सर्वाधिक रुचि र चर्चाको विषय हुनेछ । त्यसको परिणामले युद्धग्रस्त गाजा र युक्रेनको भविष्य अनि ताइवानको संकट मात्र नभएर एक ध्रुवीय विश्व कति छिटो बहुध्रुवीय हुनेछ भन्ने कुराको निर्धारण गर्नेछ । अमेरिकी निर्वाचनमा ट्रम्प विजयी हुने कुरा पानीढलो सावित हुनेछ । उनलाई दुई राज्यका अदालतले निर्वाचनमा खडा हुनबाट वञ्चित गरेको भए तापनि पुराना नजिरको अभावमा सर्वोच्च अदालतले राष्ट्रपति उम्मेदवार हुनबाट रोक्न नसक्ने अनुमान गरिएको छ । मतपरिणामले लोकतन्त्रको बढ्दो संकटलाई कम गर्न सकोस् । निर्वाचनहरूको जय होस् । बुलेट होइन, ब्यालेट वर्ष २०२४ को शुभकामना !

सुर्खेतमा प्रदर्शन

# कर्णालीका सामाजिक विकासमन्त्री हिंडेरै कार्यक्रमस्थल पुगे

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १६ पुस



गत शुक्रबार ललितपुरको बालकुमारीमा भएको आन्दोलनका क्रममा दैलेखका २१ वर्षीय सुजन रावत र अछामका वीरेन्द्र शाहको मृत्यु भएको घटनाको प्रभाव सुर्खेतमा देखिएको छ। बालकुमारी घटनालाई लिएर शनिबारदेखि सुर्खेतमा निरन्तर आन्दोलन भइरहेको छ। आन्दोलनले सुर्खेत तनावग्रस्त बनेको छ।

सुर्खेतको वीरेन्द्रनगरमा विरोध प्रदर्शन गरिरहेका पीडित पक्षले आइतबारदेखि सरकारी सवारी साधन चल्नमा रोक लगाएका छन्। सरकारी सवारी साधन पूर्णरुपमा बन्द भएपछि कर्णाली प्रदेशका मन्त्री तथा सरकारी कर्मचारीहरु हिँडेरै कार्यक्रम स्थलमा पुग्ने गरेका छन्।

सोमबार सामाजिक विकास मन्त्री खड्कबहादुर पोखरेल हिँडेरै कार्यक्रमस्थल पुगेका छन्। सामाजिक विकास मन्त्री पोखरेल कर्णाली प्रदेश खेलकुद परिषद्को स्थापना दिवसको उपलक्ष्यमा आयोजना गरिएको तेस्रो वार्षिकोत्सव कार्यक्रममा सहभागी हुनका लागि मन्त्रालयबाट हिँडेर कार्यक्रमस्थल पुगेका हुन्। सुर्खेतमा आन्दोलन भइरहेको र सरकारी गाडी चल्न नदिने भनेपछि आफू हिँडेरै कार्यक्रमस्थलमा पुगेको उनले बताए। मन्त्री पोखरेल मात्रै नभइ कर्णालीका अधिकांश मन्त्री र कर्मचारीहरूले शुक्रबारदेखि सरकारी गाडी चढ्न पाएका छैनन्।

# माइन्ड म्यानेजमेन्ट शिविर सम्पन्न



**काठमाडौं/मस–** सृष्टि साधना केन्द्रको अयोजनामा एकदिवसीय माइन्ड म्यानेजमेन्ट शिविर सम्पन्न भएको छ। पुस १३ गते शुक्रबार ग्राण्ड होटलमा माइन्ड म्यानेजमेन्ट शिविर सम्पन्न भएको हो। उक्त शिविरमा करिब ५० जनाको सहभागिता रहेको केन्द्रले जानकारी दिएको छ।

शिविरमा आचार्य श्री स्वामी ध्रुवले कार्यक्रम सञ्चालन गरेका थिए। कार्यक्रममा सहभागी सबैलाई उनले ध्यान गराएका थिए। कार्यक्रममा उनले ध्यानबाट शान्ति प्राप्त गर्न सकिने बताए उनले भने, 'मानसिक शान्ति बिना जीवनको कुनै मूल्य छैन। ध्यानबाट हामी शान्ति प्राप्त गर्न सक्छौं।' सुजाता लामिछानेको संयोजकत्वमा उक्त कार्यक्रम सञ्चालन भएको केन्द्रले जनाएको छ। यसअघि केन्द्रले चौतारा कारागार तथा शिवम् सिमेन्टको कार्यालयमा पनि शिविर सञ्चालन गरेको थियो

# सम्पत्ति शुद्धीकरण मुद्दामा जयसवाललाई ८ वर्ष कैद

**काठमाडौं/मस–** सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा दोषी ठहर भएका प्रमोदकुमार जयसवाललाई ८ वर्ष कैद तथा र ८३ करोड रुपैंया जरिवाना हुने फैसला गरेको छ। विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठसहितको




इजलासले जयसवाललाई सोमबार कसुर निर्धारण गरेको हो। विशेष अदालतले उनलाई गत ४ पुसमा दोषी ठहर गरेको थियो।

जयसवाललाई ४१ करोड ५१ लाख ६९ हजार २ सय ७५ रुपैयाँ बिगो र बिगोको दोब्बर ८३ करोड ३ लाख ३८ हजार ८ सय ५० रुपैयाँ जरिवाना तिराउने फैसला भएको छ। उक्त कसुरमा अर्का प्रतिवादी पप्पु ठाकुरलाई ३ करोड ६७ लाख १४ हजार रुपैयाँ बिगो, ७ करोड ३४ लाख २८ हजार जरिवाना र ५ वर्ष कैद हुने फैसला भएको छ।

आलु र प्याज खरिद गरेको नक्कली कारोबार देखाइ नेपाली रुपैयाँ अपचलन गरेको आरोपमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले २ बैशाख २०७७ मा दुई वाणिज्य बैंकका कर्मचारीसहित ५ जनाविरुद्ध मुद्दा दायर गरेको थियो।

## बारबर्दिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशन मिति : २०८०/०९/१७**

यस कार्यालयबाट मितिमा प्रकाशित सूचना अनुसारका तपशिलको कार्यमा तपशिलका बोलपत्रदाताको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | खरिद कार्यको विवरण | स्वीकृत व्यवसायीको नाम | कबोल अङ्क रु. |
|---|---|---|---|---|
| १. | 07/BMO/W/2080-81 | पान्चजन्य मा वि हल निर्माण | कोन्छयोग सोम निर्माण सेवा मधुवन बर्दिया | ६९,०८,६६८.५१ |
| २. | 08/BMO/W/2080-81 | प्रशासनिक भवनमा गेट, गार्ड हाउस, सभा हल निर्माण | दिपक विल्डर्स, कोहलपुर- १०, बाँके | १,२६,९१,४७४.३६ |
| ३. | 09/BMO/W/2080-81 | नगर कभर्ड हल निर्माण | दिपक विल्डर्स, कोहलपुर- १०, बाँके | ९३,२३,९८७.८० |
| ४. | 10/BMO/G/2080-81 | झोलुङ्गे पुल स्टिल पार्टस् खरिद | जुनकिरी इन्डष्ट्रिज प्रा लि बुटबल रुपन्देही | ३१,६२,९२०.१२ |
| ५. | 12/BMO/G/2080-81 | हाइमष्ट तथा सोलार लाईट खरिद तथा जडान कार्य | राजन कन्स्ट्रक्शन गढी गाउँ पालिका २, सुनसरी | ४७,३८,८८७.५८ |
| ६. | 13/BMO/W/2080-81 | नगरपालिकाभित्र ढल निकास निर्माण, आर सी सी ड्रेन निर्माण | जयगुरुदेव कन्स्ट्रक्शन बारबर्दिया -९ बर्दिया | ८९,५१,३२९.४३ |

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids
## Construction of Two Storey Eight Room Building of Himalaya Ma.Vi.
### Kholagaun Chaurjahari Municipality-11, Rukum (West)

### Invitation for Bids No:- CJM/WORKS/NCB/06/080/081

**Date of publication:- 2080/09/17**

1. The Chaurjahari Municipality has allocated funds towards the cost of following projects and intends to apply part of the funds to cover eligible payments under the Contract for following projects. Bidding is open to all eligible Nepalese Bidders.
2. Chaurjahari Municipality invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information at the Chaurjahari Municipality, Chaurjahari Rukum (west) Mo No:- 9857826111, 9841768680 & PPMO website.
4. Bid must be submitted by egp system from ppmo website before 12:00 PM on (2080/10/18) of Publication. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on (2080/10/18) at the Chaurjahari Municipality Office. If the bidder's representative does not choose to attend for opening, there will be no objection in opening the tender.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security amounting to a minimum of 2-3% of estimated amount, which shall be valid for 30 days beyond the validity period of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the amount should be deposited on.

   **Name of the Bank : RBB Chaurjahari Branch**
   **Name of Office : Chaurjahari Municipality Rukum (West)**
   **Dharauti Khata no. : 4330100303000002**
   **Rajaswa Khata no. : 4330100301010002**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract No. | Name Of Work | Bid document fee (Non- refundable) | Estimated Amount (Including VAT) | Bid Security |
|---|---|---|---|---|
| CJM/WORKS/ NCB/06/080/081 | Construction of Two Storey Eight Room Building of Himalaya Ma.Vi. Kholagaun Chaurjahari Municipality-11, Rukum (West) | NRs. 3,000/- | Nrs 1,07,16,440.94 | Nrs. 2,68,000.00 |


## कुबेतमा रोजगार
कम्पनी : ELM LOUNGE BEAUTY SALON COMPANY
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः२०८०/०२/२३ चलानी नं.: ६०२०२६५३ L.T. No.: 287296 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicure & Pedicure Technician ( Female) | 0 | 7 | स. काममा दक्ष | 150 | ६४,८५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २४ गते (9 January 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Ujyalo Overseas Pvt. Ltd.**
Gov. Lic. No.: 1339|074|075
Kathmandu, Nepal, Tel : 4110543
Email: ujyalo.overseas2017@gmail.com, Web.:www.ujyalooverseas.com

## युएईमा रोजगार
कम्पनी: KAWADER INTERNATIONAL EMPLOYMENT SERVICES
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०९/१२ चलानी नं.: ६०२१२३९७ L.T. No.: 297252

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 150 | 0 | | 1200 | ४३,४०४ | | | | | | | |

**प्रि–अन्तर्वार्ता धमाधम भइरहेको छ।**

| अन्तर्वार्ता स्थान | प्रि र फाइनल अन्तर्वार्ता |
|---|---|
| मेनपावर कार्यालय, काठमाडौं | २०८० पौष २० गते (5 January 2024) |
| जनप्रिय थकाली भान्साघर, पोखरा | २०८० पौष २१ गते (6 January 2024) |
| नीलकमल ट्रेनिङ सेन्टर, धनुषा | २०८० पौष २२ गते (7 January 2024) |
| सुनसरी मल्टीपल ट्रेनिङ सेन्टर, इटहरी | २०८० पौष २३ गते (8 January 2024) |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१–५३८२०३९, ५३८२५९०
शाखा कार्यालयः सृजनाचोक, पोखरा । सम्पर्क :०६१–५७१५६३, ९८१५१४८४२७
Office: 9851083888 | 9828762056 | 9762340238,Pokhara: 061- 571563 | 9829143801 | 9826129045, Janakpur: 9851136502 | 9817892059 | 9815863083 | 9827673844 | 9815742507 | 9802014897 | 9803464918 | Itahari: 025-58496 | 9852046932 | 9843100739 | 9813068955

## UAE मा रोजगार
कम्पनी: LULU AL KHALEEJ LADIES BEAUTY SALON
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०९/१२ चलानी नं.: ६०२१२४२४ L.T. No.: 297233

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 0 | 3 | | 1500 | ५४,२५५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष २४ गते (9 January 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**STARIS HR SERVICES PVT. LTD.**
श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

# गैरआवासीय नेपाली संघ यूएईको अध्यक्षमा शेर्पा

**सुरेश भट्ट आश्रिन/मध्यान्ह**
कतार, १६ पुस

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद (एनआरएनए एनसीसी) यूएइको राष्ट्रिय महाधिवेशन शनिबार सम्पन्न भएको छ । महाधिवेशनले पासाङ्ग शेर्पाको अध्यक्षतामा २३ सदस्यीय कार्यसमिति चयन गरेको छ भने नरबहादुर घलेलाई आइसीसी सदस्यमा निर्विरोध निर्वाचित गरेको छ ।

जसको उपाध्यक्षमा कृष्ण कटुवाल र टिएन शर्मा, युवा उपाध्यक्षमा थानेश्वर तिमल्सिना, महिला उपाध्यक्षमा शर्मिला तामाङ, महासचिवमा ईश्वर श्रेष्ठ, सचिवमा ओम प्रकाश शाह, बिक्रम तामाङ, रवीन्द्र अधिकारी, दिपक गुरुङ र इन्द्रराज पौडेल, कोषाध्यक्षमा अनुप तामाङ, सहकोषाध्यक्षमा हर्क लोप्चन, युवा संयोजकमा अजय शर्मा काफ्ले र महिला संयोजकमा निशा भुजेल चयन भएका छन् । यस्तै सदस्यहरुमा मनोज मास्के, रमेश नेपाली,




विनोद राई, सोनाम गुरुङ र मनोज भुजेल चयन भएका छन् ।

उक्त अधिवेशन कार्यक्रमलाई सम्पन्न गर्न अन्य देशहरूबाट एनआरएनए पदाधिकारीहरू यूएई पुगेका थिए । आइसीसीका उपाध्यक्ष उमेश पुडासैनी कुवेतबाट र कतारबाट आइसीसी सदस्य आरसी पन्त, आइसीसी सल्लाहकर धरम केसी अतिथिको रुपमा उपस्थित भएका थिए ।

त्यसैगरी कतारका नवनिर्वाचित एनसीसीका अध्यक्ष सुनील घिमिरे र महासचिव ध्रुवराज अधिकारीको पनि अधिवेशनमा सहभागिता रहेको थियो । नेपाल पत्रकार महासंघ यूएईका अध्यक्ष मेघराज सापकोटा, नेपाल तामाङ घेदुङ संघ यूएई अध्यक्ष डिल्ली राम तामाङ, थारु कल्याणकारीका अध्यक्ष भगिरथी कुमार भगत, ईनास यूएई अध्यक्ष एम्डि बोहरालगायत विभिन्न संघ-संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

अतिथि वक्ताको मन्तव्यको क्रममा कतारबाट गएका रामचन्द्र पन्तले एनआरएनए विभाजनको मुख्य कारण विधान विपरीतका अवैधनिक कदम चाल्नु र अलोकतान्त्रिक प्रक्रियासंगत संस्थालाई विकसित गर्नु, वैधता प्राप्त गरेको नेतृत्वलाई स्वीकार्न नसक्नु, संस्था श्रमिकमैत्री नभई अरबपतिहरुको क्लब जस्तो भएकाले बताउँदै एनआरएनए प्रति जनविश्वास गुमेको बताए ।

विनोद कुँवर नेतृत्वको एनआरएनएले पछिल्लो समय मध्यपूर्वका देशहरू, एशिया, युरोप, अमेरिकाको स्टेटहरूमा आक्रमक रुपमा नयाँ राष्ट्रिय समितिहरू निर्माण गर्दै र पुराना राष्ट्रिय समन्वय परिषद्को अधिवेशन धमाधम सम्पन्न गरिरहेको छ ।

**Kuwait मा रोजगार** Dryol Express Company For Deliviring Consumer Orders

पुर्व स्वीकृती मितिः २०८०/०९/१३ | चलानी नं. ६०२१२४२६ | LT No.: 297393

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD. | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Light Driver | 09 | 00 | काममा दक्ष | 140 | ६०,८०३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु १०,०००।- कामदार आफैले |

अन्तरवार्ता २०८० पुष २४ गते (9 Jan., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

**Gulf Star Overseas Pvt. Ltd.** "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढीमाई, सिरहाको धितोमा रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना

(प्रकाशित मिति २०८०/०९/१७ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढीमाई, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस २४ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय धनगढीमाई, सिरहामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरणः**
प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश ०२, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा लहान, सिरहा मिति २०७६/११/१८ मा द.र्ता नं. ११७८९/२०७६/०७७ दर्ता कायम भई सिरहा जिल्ला, लबटोली गा.वि.स. वडा नं. ५/छ (हाल: कर्जन्हा न.पा. वडा न. ०२) स्थित रजिष्टर्ड कार्यालय रहेको **राधा जनरल पसल** (प्रोप्राईटर ठम्म बहादुर श्रेष्ठको बुहारी, तिर्थराज श्रेष्ठको छोरी, सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ०२ (साबिक रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. ०८ ) बस्ने **राधिका श्रेष्ठ,** ना.प्र.नं. १४५५-२११०१९), जारी मिति २०४६/०२/२१, जिल्ला प्रशासन कार्यालय रामेछाप) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**
१. ठम्म बहादुर श्रेष्ठको बुहारी, तिर्थराज श्रेष्ठको छोरी, सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ०२ (साबिक रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं.०८) बस्ने **राधिका श्रेष्ठ** (ना.प्र.नं. १४५५-२११०१९), जारी मिति २०४६/०२/२१, जिल्ला प्रशासन कार्यालय रामेछाप) ।
२. कालुमान श्रेष्ठको नाति, ठम्म बहादुर श्रेष्ठको छोरा, सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ०२ (साबिक रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. ०८) बस्ने **रुद्र बहादुर श्रेष्ठ** (ना.प्र.नं. १०४३०), जारी मिति २०४३/०७/२१, जिल्ला प्रशासन कार्यालय रामेछाप) ।
३. कालुमान श्रेष्ठको नातिनी, रुद्र बहादुर श्रेष्ठको छोरी, सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ०२ (साबिक सिरहा जिल्ला, बडहरामाल न.पा. वडा नं. ०३) बस्ने **मन्दीरा श्रेष्ठ** (ना.प्र.नं. १५१०८८/१६१७७), जारी मिति २०६८/०६/२५, जिल्ला प्रशासन कार्यालय सिरहा) ।
४. कालुमान श्रेष्ठको नातिनी, रुद्र बाहादुर श्रेष्ठको छोरी, सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ०२ (साबिक सिरहा जिल्ला, बडहरामाल न.पा. वडा नं.०३) बस्ने **पबित्रा श्रेष्ठ** (ना.प्र.नं. १५-०१-७०-०७७७७), जारी मिति २०७०/०२/३१, जिल्ला प्रशासन कार्यालय सिरहा) ।
५. कालुमान श्रेष्ठको नातिनी, रुद्र बाहादुर श्रेष्ठको छोरी, सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ०३ बस्ने **सुरज श्रेष्ठ** (ना.प्र.नं. १५-०१-७४-०७३३३), जारी मिति २०७४/०६/३१, जिल्ला प्रशासन कार्यालय सिरहा) ।

**लिलाम हुने सम्पत्तिको विवरणः**
१. **राधिका श्रेष्ठ**को नाममा मालपोत कार्यालय, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, लबटोलि गा.वि.स. वडा नं. ५/छ (हाल: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ०३ ) को कित्ता न ८६ को क्षेत्रफल ०-१-३.२५-० (बि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० पुस २३ गते** भित्र बैंकको शाखा कार्यालय धनगढीमाई, सिरहा स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढीमाई, सिरहा स्थित कर्जा विभागबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस २४ गते ३:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय धनगढीमाई, सिरहा स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय धनगढीमाई, सिरहा स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० पुस २४ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय धनगढीमाई, सिरहा फोन.न ०३३-५४५१३४**

## बाँफिकोटमा केसीको संयोजकत्वमा पूर्वविद्यार्थी समाज गठन



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १६ पुस

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ४ मा रहेको वीरेन्द्र माध्यामिक विद्यालयमा पूर्व विद्यार्थी समाज गठन गरिएको छ । पूर्व विद्यार्थी तथा बाँफिकोट गाउँपालिकाका पूर्वअध्यक्ष धर्मबहादुर केसीको संयोजकत्वमा १३ सदस्यीय समाज गठन गरिएको हो ।

जसको सदस्यमा कल बहादुर नाथ, गोबिन्द मल्ल, हर्कसिंह खत्री, गोपाल केसी, ईन्द्र बहादुर खत्री, धर्मभक्त मल्ल, हिरालाल खनाल, रत्नबहादुर खत्री, महेश्वर शर्मा, हरि चन्द, किरण बिक र सपना मल्ल रहेका छन् ।

कार्यक्रममा बाँफिकोट गाउँपालिका अध्यक्ष जनककुमार बाठा मगरको प्रमुख आतित्यता रहेको थियो । कार्यक्रम बोल्दै गाउँपालिका अध्यक्ष बाठा मगरले पूर्व विद्यार्थी समाज यस विद्यालयमा आवश्यक रहेकाले गठन गरिएको बताए ।

कार्यक्रममा वडा नं ४ का वडा अध्यक्ष शेरबहादुर ओली, वडा नं ३ का अध्यक्ष तिलबिर केसी, वडा नं १० का अध्यक्ष हरि चन्द, नेकपा एमालेका जिल्ला अध्यक्ष नन्दराम देबकोटालगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण ईक्वालिटी फाउन्डेसन कर्णाली प्रदेश प्रमुख जयप्रसात तिमिल्सिना, धर्मबहादुर केसी, वीरेन्द्र माध्यामिक विद्यालयका प्रधानाध्यापक हरिचन्द्र गिरी, शिक्षक शेरबिर दाहलले गरेको विद्यालयले जनाएको छ ।

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, हरिवन शाखाको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०९/१७ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत /संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| वौद्यमानको नाती, पहलमान कार्कीको छोरा, सर्लाही जिल्ला, हजरिया गा.वि.स/उ.म.न.पा वडा नं. ७ बस्ने वाल विक्रम कार्की । |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** |
| राम वहादुर कार्कीको छोरी, वाल विक्रम कार्कीको श्रीमती, धनुषा जिल्ला, ढल्केवर गा.वि.स/उ.म.न.पा वडा नं. १ बस्ने खेम कुमारी कार्की । |
| **धितो सुरक्षणको विवरण :** |
| वाल विक्रम कार्कीको नाममा मालपोत कार्यालय वरहथवा, सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, हजरिया गा.वि.स/न.पा वडा नं. ७ को कित्ता नं. ९९१ को ०-३-१५ (वि-क-धु) क्षेत्रफल र वडा नं. ९ को कित्ता नं. ७७४ र ७६७ को क्रमशः ०-०-५ र ०-०-१० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## हिमालयन खाद्य एवं प्याकिङ्ग उद्योग लिमिटेड
कालीमाटी काठमाण्डौं
### चौधौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०९/१७ गते**

**आदरणीय शेयरधनि महानुभावहरु**
हिमालयन खाद्य एवं प्याकिङ्ग उद्योग लिमिटेडको संचालक समितिको मिति **२०८० साल पौष २** गते **सोमबारका** दिन भएको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा नियमित **चौधौं वार्षिक साधारणसभा** गरिने भएकाले उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।
**मिति** : २०८० साल पौष २३ गते सोमबार (8 Jan,2024)
**समय** : विहानको ९:३० बजे ।
**स्थान** : साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.को सभाहल,कालीमाटी,काठमाडौ ।

**विषय सूची**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पास गर्ने ।
२. आ.व २०७९।८० को आर्थिक विवरण,वासलात, नाफा नोक्सान,हिसाव तथा लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने ।
३. आर्थिक वर्ष २०८०।८१ को लागि लेखा परिक्षकको नियुक्ती गर्ने ।
४. विविध ।

**संचालक**
**हिमालयन खाद्य एवं प्याकिङ्ग उद्योग लिमिटेड**

## विन्ध्यवासीनी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको
## आ.व. २०७९/०८० को वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८०/०९/१७**

**श्री शेयरधनी महानुभावहरु,**
यस विन्ध्यवासीनी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७९/०९/०३ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको सातौ वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा बस्ने भएकोले सो सभामा यहाँको सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा सम्बन्धी कार्यक्रम :**
**मिति** : २०८०।०९।२६ गते, बिहिबार ।
**समय** : विहान १०:०० बजे ।
**स्थान** : अनमोल वैन्क्वीट, शंखमूल, नयाँ बानेश्वर, काठमाडौं
भर्चुअल : https://www.microsoft.com/en/microsoft-teams/join-a-meeting
**Meeting ID:** 453 303 561 828, **Passcode:** 9dy2j5

**वार्षिक साधारण सभाको विषय सूचि :**
**सामान्य प्रस्तावः**
(क) सञ्चालक समितिको आ. व. २०७९/०८० वार्षिक प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्ने ।
(ख) कम्पनीको आ.व. २०७९/०८०को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण छलफल गरी अनुमोदन गर्ने ।
(ग) आ. व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र नीजको पारीश्रमिक तोक्ने ।
(घ) कम्पनीको चुक्ता पूँजीको ५.२६३२% नगद लांभाश वितरण गर्ने ।
(ङ) विविध ।

**वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु**
१. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका र शेयर दाखिला खारेजको कार्य मिति २०८०/०९/१७ गते १ दिन बन्द रहनेछ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कायम रहेका शेयरधनीहरु मात्र साधारण सभामा .भाग लिन पाउनेछन ।
२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।
३. सगंठित सस्था शेयरधनी भएकोमा त्यस्तो संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारीपत्र सहित उपस्थित हुनु पर्नेछ । साथै प्राकृतिक व्यक्तिले नियुक्त गर्ने व्यक्ति कम्पनीको शेयरधनी हुनुपर्ने छ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने व्यक्तिगत शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरि सभा हुनुभन्दा ७२ घण्टा अगावै अर्थात मिति २०८०।०९।२३ गते १० बजे भित्र कम्पनीमा उक्त प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयर विभाजन नहुने गरि एकै व्यक्तिलाई मात्र प्रतिनिधि नियुक्त गर्नुपर्ने छ । शेयर विभाजन गरि दिइएको प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।
६. साधारण सभामा सहभागी हुन अनिवार्य रुपमा आफ्नो परिचय(पत्र वा हितग्राहि खाताको विवरण प्रस्तुत गर्नुपर्ने छ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## Feminist Dalit Organisation
Lalitpur, Nepal
FEDO

### Request For Proposal

Published Date: 02/01/2024
Contract / Tender ID No. : FEDO-01/2024

**Request For Proposal of Services for Flex Fund Support to CSOs**

Last Submission Date & Time: 16/01/2024 12:00 PM

**Note:**
- Bidders may obtain further information regarding the tender at *www.bolpatranepal.com.*
- Bidders may view tender document and apply the tender through *www.bolpatranepal.com.*

For any queries,
Contact us at: 9849447788 | 9802347788

नेपाल सरकार
## उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
## जलस्रोत तथा सिंचाई विभाग
